# *समुन्द्रमा एक गवाहि*

हामीले प्रार्थना गर्नको लागि आफ्ना शिरहरु झुकानुभन्दा पहिले, म परमेश्वरको केहि वचन पढ्न चाहन्छु। मलाई सधै उहाँको वचन पढ्न मन पर्छ; किनभने मेरा वचनहरु असफल हुनेछन्, ती एक मानिस हो, तर उहाँको वचन असफल हुन सक्दैन। र तपाई जो पाठको स्थानलाई ध्यान राख्नुहुन्छ, र त्यसैले अगाडि, मत्ती १४ औ अध्यायबाट, आज राति, २२ औ पदमा शुरू गरेर पढ्न चाहन्छौ।

> *उहाँले भीड़लाई बिदा गर्नुहुँदा चेलाहरूलाई डुङ्गामा चढ़ी, र उहाँभन्दा पहिले पारिपट्टि जान लाउनुभयो।*
>
> *भीड़लाई बिदा गरिसक्नुभएपछि उहाँ एकलै प्रार्थना गर्न डाँड़ामा उक्लनुभयो: र जब...साँझ पर्दा उहाँ एकलै त्यहाँ हुनुहुन्थ्यो।*
>
> *तर डुङ्गा त्यति बेलासम्म किनारदेखि समुद्रमा धेरै टाढ़ा पुगिसकेको थियो: अनि हावा उल्टो बहेको हुनाले डुङ्गा छालको चपेटमा परेको थियो।*
>
> *बिहान तीन बजेतिर उहाँ समुद्रमाथि हिँड्दै तिनीहरूकहाँ आउनुभयो।*
>
> *जब चेलाहरूले उहाँलाई समुद्रमाथि हिँड़िरहनुभएको देखे, तब डराएर तिनीहरूले भने, यो त भूत हो; र तिनीहरू डरले चिच्च्याए।*
>
> *तर येशूले झट्टै तिनीहरूलाई यसो भन्नुभयो,* साहस *गर, म नै हुँ, नडराओ।*

2 अब प्रार्थनाको लागि हामी शिर झुकाऔ। हाम्रा शिरहरु र हृदयहरु परमेश्वरको अगाडि झुकिरहदा, के त्यहाँ आजराति, यस भवनमा केहि खाँचो छ, जुन तपाई परमेश्वरलाई थाहा दिन चाहनुहुन्छ, आफ्ना हातहरु उठाएर, र प्रार्थनामा सम्झना गरेर? प्रभुले तपाईमा हेर्नुहुन्छ, तपाईमा दयालु हुनहुन्छ।

3 हाम्रो स्वर्गीय पिता, हामी अब प्रभु येशूको बाटो र नाउँद्वारा, तपाईको उपस्थितिमा आउँदछौ। जानेर, आशिषित निश्चितताका साथ, जुन उहाँले

हामीलाई प्रतिज्ञा गर्नुभयो, यदि हामीले उहाँको नाउँमा "कुनै पनि कुरा" माग्यौ भने, त्यो तपाईले हामीलाई प्रदान गर्नुहुनेछ। हामीहरु यसको लागि धेरै नै आभारी छौ। यस बिषयमा हामीले के महसूस गर्दछौ त्यो शब्दले व्यक्त गर्न सक्दैन, हामीसंग भएको निश्चितताका साथ, कि तपाईले हामीलाई ठिक अहिले सुनिरहनुभएको छ।

4 तपाईले ती हातहरुलाई देख्नुभएको छ, प्रभु। तपाई जान्नुहुन्छ कि उनीहरुलाई के खाँचो छ। तपाई सर्वव्यापी, सर्वशक्तिमान, असीम परमेश्वर हुनुहुन्छ, र हामी जान्दछौ कि तपाईले मानिसहरुको हृदयलाई जान्नुहुन्छ। तपाईले हाम्रा विचारहरु जान्नुहुन्छ। हामी सृष्टि हुनुभन्दा पहिले नै, तपाईले प्रत्येक विचार जान्नुहुन्थ्यो जुन हामी हुनेवाल थियो, किनकि तपाई असीम हुनुहुन्छ।

5 र हामी प्रार्थना गर्दछौ, प्रभु, यस घडीमा, जस्तो हाम्रा इच्छाहरु तपाईसम्म जाँदैछ, स्वर्गबाट तल हेर्नुहोस्, प्रभु, र हाम्रा अनुरोधहरु तपाईको हृदयमा लिनुहोस्, प्रभु, र महिमामा तपाईको धन अनुसार हामीलाई उत्तर दिनुहोस्। हामीलाई हाम्रा हृदयका इच्छाहरु दिनुहोस्, यो तपाईको ईश्वरीय इच्छा रहेकोमा भरोसा राख्दै। र हामी त्यो जान्दछौ कि तपाईको इच्छा गर्नु यो तपाईको असल आनन्द हो।

6 आज राति, फेरी पनि प्रभु, हामीलाई तपाईको उपस्थितिको ठूलो बहाव दिनुहोस्। रोगी लाई निको पार्नुहोस्। हराएकालाई उद्धार गर्नुहोस्, पाप र अपराधहरुमा मरेकाहरुलाई फेरी पनि उठाउनुहोस्, र तिनीहरुलाई एउटा नयाँ जीवनमा ल्याउनुहोस्, आज राति। हामीले येशूलाई देख्न सकेका हौँ। हामी यो उहाँको नाउँमा माग्दछौ। आमेन।

7 तपाईहरु बस्न सक्नुहुन्छ। सिट क्षमताको लागि, हामीले मानिसहरुलाई समायोजन गर्न असमर्थ भएकोमा हामी क्षमाप्रार्थी छौँ। तर, पहिलो रात देखि नै, तिनीहरुले भनेका छन् कि तिनीहरुले मानिसका ठूला भिडहरु फर्काउनु परेको छ, त्यसैले हामीहरु त्यसको लागि क्षमाप्रार्थी छौ। र भाई ग्रान्टले केवल अर्को कोठा पनि, बनाउनसक्नु भएन, त्यसैले...म विश्वास गर्छु कि यो बाँया पट्टि हो जहाँ उहाँले यो विभाजन सार्न जाँदै हुनुहुन्छ। अनमोल, अनमोल भाईले मलाई आज सोध्नुभयो यदि मैले यो वार्षिक चिज बनाउछु कि भनि, डल्लासमा फर्केर आउनको लागि, उहाँको मण्डलीमा। त्यस्तो खालको ठूलो निमन्त्रणा,

यस घडीमा, जब ढोकाहरु छिटो बन्द हुँदैछ, र त्यसपछि मानिसले मलाई फर्केर आएर यसलाई वार्षिक कुरा, समारोह बनाएको चाहन्छन्। म त्यसको कदर गर्छु।

8 आज बिहान भाई गोर्डन लिन्डसे र उहाँहरु मध्ये धेरैसंग, मेरो संगतिको समय भएको थियो। भाई पियरी ग्रिन, जो आउंदै गरेको ब्युमन्टको सभाको प्रायोजक हुनुहुन्छ, जो आजराति मेरो पछाडि बसिरहनु भएको छ। र धेरै, हाम्रा मित्रहरु, भाई डन र उहाँको पत्नी। उहाँहरुलाई यहाँ पाउँदा हामी अत्यन्त खुसी छौ। प्रभुले उहाँहरुलाई आशिष दिनुभएको होस्।

9 अब, आजराति, भर्खर...म मेरा सन्देशहरुलाई सकेसम्म सरल बनाउन खोज्दैछु, ताकी एउटा बच्चाले पनि यसलाई बुझ्न सकून्।

10 भोलि दिउँसो एक सुसमाचारीय सेवा हो, र म आशा गर्छु कि तपाईहरु सबै बाहिर आउन सक्नुहुन्छ।

11 अब यदि तपाईको आफ्नै मण्डलीमा तपाईको सेवाहरु छन् भने, किन, तपाई—तपाई जहाँ हुनुहुन्छ केवल—त्यही बस्नुहोस्। हामीहरु तपाईले आफ्नो मण्डली छोडेको चाहदैनौ, र...र त्यसपछि यदि तपाई विमार हुनुहुन्छ र प्रार्थना गरिएको चाहनुहुन्छ भने, र भोलि दिउँसो तपाईको मण्डलीमा सेवा छ भने, आफ्नो पाष्टरसंग यस बिषयमा कुरा गर्नुहोस्, ताकी उहाँले नराम्रो सोच्नुहुनेछैन, तपाई जान्नुहुन्छ। उहाँलाई थाहा दिनुहोस् कि हामी यहाँ सहकार्यमा छौ, समस्त—समस्त येशू ख्रीष्टको शरीरलाई सहायता गर्नलाई छौ जो यहाँ डल्लास र वरपर यात्रा गरिरहेका छन्।

12 त्यसैले, भोलि दिउसो, मलाई लाग्छ, दुई–तिस बजे, म एउटा सुसमाचारीय सन्देश बोल्नेछु। र त्यसपछि हामी सबै विरामी मानिसहरुको लागि प्रार्थना गर्न जानेछौ, सबै प्रार्थनाको कार्डहरु र हप्ताभरी बाँकी रहेका चिजहरु उठाउनुहोस्, र तिनीहरु सबैका लागि भोलि प्रार्थना गर्नुहोस्।

13 अब आजराति मेरो विषय एउटा सानो नाटक जस्तै छ, केवल केहि क्षणहरुको लागि। र म बिरामीहरुको लागि प्रार्थना गर्नको लागि, आजराति सकेसम्म पुग्ने प्रयास गर्नेछु। मेरो पाठ “नडराऊ, यो म हुँ,” छ, येशूले बोल्दै हुनुहुन्थ्यो। मेरो विषय छ: *समुन्द्रमा एक गवाहि।*

14 यो दिउँसो लगभग ढिलो भईसकेको बेला हुनुपर्छ, यो घटना हुँदा घाम अस्ताउदै गरेको हुनुपर्छ, र यो आज यहाँ भएको जस्तै एउटा गर्मी दिन भएको हुनुपर्छ।

15 एयर कन्डिसनर बिग्रेको छ, र तिनीहरु यसमा काम गरिरहेका छन्। त्यहि नै कारणले गर्दा मैले मेरो विषय त्यहाँबाट परिवर्तन गरे, जे विषयमा म बोल्न जाँदै थिएँ, ताकी म यसलाई चाडो गर्न सकूँ, ताकी तपाई यस्तो तातोमा बस्न नपरोस्।

16 यो ठूलो माझि, दिनभरीमा उनले के पाए त्यो देखे पछि, येशूलाई उहाँको महान सेवकाईमा हेरे पछि।

17 म त्यो दिनमा जिउन, उहाँलाई पछ्याउन मन पराउथे। तर, तपाईलाई थाहा छ, म खुसी छु कि मसंग अझै पनि उही कुरा गर्ने शौभाग्य छ, उहाँले कामहरु गर्नुभएको हेर्ने। र उहाँलाई त्यस बेला हेर्नु भन्दा आज हेर्नु महान हो। म अहिले उहाँमा धेरै विश्वास गर्छु, र त्यसबेलामा भन्दा अहिले मसंग धेरै विश्वास हुनसक्छ, किनभने सुसमाचार सहि हो भनि प्रमाणित गर्नको लागि हामीसंग दुई हजार बर्ष थियो। र दुई हजार वर्ष पश्चात, उहाँ अझै पनि जीवित हुनुहुन्छ, उहाँले त्यसबेला गरे जस्तै अहिले गरिरहनुभएको छ, त्यसैले तिनीहरुसंग भएका भन्दा अझ धेरै हामीमा निश्चितता र विश्वासको लागि जग छ।

18 किनभने, उहाँ केवल एउटा मानिस हुनुहुन्थ्यो जो उहाँ परमेश्वरबाट पठाईनु भएको थियो र परमेश्वरको पुत्र हुनुहुन्छ भनि—वरपर दावी गर्दै हिड्दै हुनुहुन्थ्यो, र परमेश्वरले त्यस दिनको आफ्नो प्रतिज्ञा गरिएको वचनलाई, उहाँद्वारा प्रमाणित गर्दै हुनुहुन्थ्यो, र यसलाई संका गर्नको लागि तिनीहरुसंग केहि कारण थियो। धर्मशास्त्रीहरु, तिनीहरु! र तपाईले ध्यान दिनुभएको छ कि यो एक दयनीय कुरा थियो, यो वास्तवमै दयनीय थियो, किनभने यदि परमेश्वरले तिनीहरुको आँखाहरु अन्धो नबनाईदिनुभएको भए ती शास्त्रीहरुले विश्वास गर्नेथिए। बाईबलले त्यसो भनेको छ।

19 र के तपाईलाई थाहा छ कि उहाँले प्रतिज्ञा गर्नुभएको छ कि उहाँले तिनीहरुको आँखा फेरी पनि आज अन्धो पार्नुहुनेछ, ताकी तिनीहरुले यो देख्ने छैनन्? तिनीहरु "घमण्डी, हठी, परमेश्वर भन्दा बढि सुख–विलासका प्रेमीहरु हुनेछन्, विश्वासघाती, झुटा आरोप लाउनेहरु, अहङ्कारले फुलेका, अरूको बदख्वाइँ गर्ने; भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्।" प्रतिज्ञा अनुसार नै फेरी पनि। र ती मानिसहरुकालाई तपाई दुख व्यक्त गर्न बाहेक केहि गर्न सक्नुहुन्न, र यस दिनमा तिनीहरुको आँखा अन्धो पारिएको छ। परमेश्वरले प्रतिज्ञा गर्नुभएको

धर्मशास्त्रहरु यस दिनमा पुरा हुन जानेछ, यस घडीमा, र हामी ठिक यसलाई हेरिरहेका छौ र ध्यान दिईरहेका छौ। र त्यसपछि मानिसले हेर्छन्, र आफ्नो टाउको हल्लाउछन् र दूर जान्छन्, भन्छन्, “म यो देख्दिन।” यो एउटा दयनीय कुरा हो, तर यद्धपि धर्मशास्त्र पूरा हुनुपर्छ। यो त्यहि तरिकामा हुनुपर्छ।

20 त्यसैले यी चेलाहरु परमेश्वरले चुन्नुभएको थियो। के तपाईले ध्यान दिनुभयो, येशूले तिनीहरुलाई भन्नुभयो, “संसारको उत्पत्ति हुनभन्दा अघि,” उहाँले तिनीहरुलाई चुन्नुभयो, र तिनीहरु परमेश्वरले नियुक्त गर्नुभएको बीउ थिए। त्यसैकारणले जब समस्या आउँछ, र मानिसहरुले येशूलाई कुनामा राखेको जस्तो देखिन्थ्यो, एउटा प्रश्नमा, तिनीहरुमा चाहि कुनै प्रश्न थिएन। तिनीहरुले यो बुझ्न सकेनन्, तर तिनीहरु येशू बाहेक अरु कुनै नजान्ने कुरामा कटिबद्ध थिए। “तपाईमा केवल जीवनको वचन छ।” र तिनीहरु यसैमा बस्नको लागि कटिबद्ध थिए, किनभने तिनीहरु त्यस कार्यको निम्ति नियुक्त भएका थिए।

21 र आज पनि यस्तै नै छ, कि पुरुष र महिलाहरु, जो अनन्त जीवनको निम्ति नियुक्त भएका छन्, तिनीहरु अनन्त जीवनमा आउनेछन्। “पिताले मलाई दिनुभएका सबै मकहाँ आउनेछन्।” त्यो उहाँको वचन हो, र त्यो असफल हुनसक्दैन। यो—यो परमेश्वरको वचन हो।

22 र अब हामी यी चेलाहरु देख्छौ, जसको त्यस दिनमा ठूलो सभा भएको थियो, एउटा पहाडको छेउमा रहेको एउटा ठूलो मैदानमा। र येशूले तिनीहरुलाई भन्नुभएको थियो, “अब तिमीहरु म भन्दा अगाडि, समुन्द्र पारी जाओ।” र उहाँ चाहि माथि एउटा डाँडामा जाँदै हुनुहुन्थो, एक्लै, प्रार्थना गर्नको लागि। र यी चेलाहरु, मित्रहरुलाई भेटिसके पछि, म केवल कल्पना गर्नसक्छु कि तिनीहरुले कस्तो महसूस गरेका थिए भनि।

23 किनभने, साथीहरुलाई मेट्नु, र त्यसपछि साथीहरुसंग छुट्टिनु; ठिक त्यो समय जब तपाईहरु भर्खरै चिनजान भएको छ, त्यसपछि तपाईले अलबिदा भन्नु पर्छ। र त्यो सधै एकप्रकारले मेरो लागि मुटु दुख्ने कुरा भएको छ, देशभरी, संसारभरी, साथीहरुलाई भेटेर तिनीहरुलाई छोडेको छु, यो जानेर कि त्यहाँ धेरै छन् जसलाई तपाईले इन्साफको दिन नहुन्जेलसम्म देख्नुहुनेछैन। यो एक प्रकारको दुखद घटना हो।

24 म डुंगा कल्पना गर्नसक्छु, यसको—अगाडिको भाग किनारबाट

धकेलिएको। र सिमोन पत्रुस हुनुपर्छ, ठूला ठूला खैरो हातहरु र काँधहरुसंग, त्यसले डुंगालाई धकेलेर समुन्द्रमा ल्यायो। र तिनीहरु सबैजनाले किनारमा भएकाहरुलाई अलविदा गर्दै थिए। र तिनीहरु कराउदै थिए, “फेरी फर्केर आउनुहोला र हामीलाई हेर्नलाई गुरु ज्यूलाई ल्याउनुहोला! र आउनुहोस् र अर्को जागृति गरौ; हामीहरु आज धेरै नै आशिषित भएका छौ!” र नयाँ साथीहरुले हात हलाउदै थिए। र उनी बाकि रहेका चेलाहरु माथि चढे, र शायद उसको भाई, आन्द्रियासको छेउमा बसे, र पतवार लिए।

25 त्यसबेलामा—जहाजहरु कि त हावाले कि उनीहरुले चलाएको पतवारले तानेर चलाईन्थ्यो। र त्यसपछि शायद तिनीहरु दुईजना एउटा डुंगामा बसिरहेका हुन्थे, दुई जना एक छेउमा, र तिनीहरुले...वा दुईजना एउटा सिटमा, शायद छ वा आठजना पतवार गर्ने ठाउँहरुमा बस्थे। तिनीहरुले समयमा तान्थे, र त्यस तरिकाले बतास आएको बेलामा तिनीहरुले डुंगाको पेन्दामा थामिरहन सक्थे। त्यसपछि, हावा सामान्य रूपमा बग्दै थियो, तिनीहरुले पाल उठाउन सक्थे, र पाल।

26 यो घटना ठिक अघि धर्मशास्त्रको नजरबाट, गर्मीको दिउसो हुनुपर्थ्यो, र त्यसैले यो एउटा वास्तवमै शान्त, घमाईलो, तातो दिउसो हुनुपर्थ्यो। घाम अस्ताउदै थियो। र तिनीहरु, जसै तिनीहरु तर्दै गए, र खुकुलो बनाएर मानिसहरुलाई अलविदाको लागि हात हल्लाए, “कुनै दिन फेरी भेट्ने आशा छ,” जब तिनीहरु समुन्द्रमा गए। र सुर्यास्त, साँझ गोधुली, र तब केहि समय पछि—अन्धकार छायो।

27 र तिनीहरुले तर्ने काममा राम्रै—गति लिएको हुनुपर्छ, र यो कठिन काम हो जब ती समुन्द्रको पानीमा ठूला ठूला भारी पतवार डुब्छन्। र तिनीहरु मध्ये धेरैजना—माझिहरु थिए, र बलिया पुरुषहरु थिए, समुन्द्रमा तर्ने बानी भएकाहरु थिए। र जब तिनीहरुले येशूलाई चाडै, डुंगामा पस्न र तिनीहरुलाई पछ्याउन अपेक्षा गर्दै थिए। किन, तिनीहरु त्यहाँ बाहिर निस्किए, र तिनीहरु केवल अलिकति मात्रै तटमा गएका थिए; एक किसिमले जहाजलाई शुरू गर्दै थिए, र त्यसपछि माथि लादै थिए।

28 शायद जवान यूहन्ना बोल्ने पहिलो व्यक्ति हुनुपर्छ, किनकि ऊ समूहको सबैभन्दा जवान थियो। र उसले यो भनेको हुनुपर्छ, “म अलिकति थाक्न थालिसके। केहि बेरको लागि रोकौ। एकछिन पर्ख, हामीले हतार गर्नुपर्दैन।

उहाँ अझैसम्म आइसक्नुभएको छैन, त्यसैले हामीले शायद केहिबेर पर्खन सक्छौ र एक किसिमले हावाको राम्रो श्वास लिन सक्छौ।"

29 र जसै ऊ आफ्नो टाउको तल राखेर सुतेको थियो, उसले एउटा गवाहिको सभा शुरू गरेको हुनुपर्छ। र त्यहि नै कुरा म गर्न चाहन्छु। यो ऊ नै हुनुपर्छ जो पहिले उठ्यो, र भन्यो, "भाईहरु, मानिसहरुले जे सुकै भनोस्, र कसैले जतिसुकै विश्वास नगरोस्, म निश्चित रूपमा अब पक्का छु, आजको दिन पछि, कि हामीले एउटा झुटोलाई पछ्याईरहेका छैनौ। हामीले अरुलाई नभएर परमेश्वरलाई पछ्याईरहेका छौ, किनकि परमेश्वर नभईकन कुनै पनि मानिसले यो गर्न सक्दैन जे उहाँले आज गर्नुभयो। तपाईलाई थाहा छ, जब उहाँले ती रोटिहरु लिनुभयो र तिनीहरुलाई भाँच्नुभयो, र त्यहाँ भएका पाँच हजारजनालाई खुवाउनुभयो, त्यो मेरो लागि सबैभन्दा अचम्मको कुरा हो। आजसम्म त्यहाँ एउटा प्रश्न हुनसक्थ्यो," अब म केवल उहाँको गवाहिलाई जस्ताको तस्तै दोहोर्याउदैछु, "तर त्यसले मामिला निप्ट्यायो।"

30 भन्यो, "मलाई याद छ धेरै वर्ष पहिले, म यर्दनको नजिकै बस्ने गर्थे। र म याद गर्नसक्छु, एउटा सानो केटाको रूपमा, कसरी मेरी सुन्दर, यहूदी आमाले मलाई उठाउनुहुन्थ्यो, दिउसोको बेलामा, र उहाँले मलाई आफ्नो काँखमा राखेर हल्लाउनु भयो, बाहिर आँगनमा, जब यर्दन नदीको किनारहरुमा फूलहरु फुलिरहेका थिए। र उहाँले मरुभूमिको पारी हेर्ने गर्नुहुन्थ्यो, जहाँबाट हाम्रा मानिसहरु ल्याईएको थियो त्यस मरूभूमिबाट भएर। उहाँले मलाई बाईबलका कथाहरु सुनाउने गर्नुहुन्थ्यो। मलाई याद भएको महान कथाहरु मध्ये एउटा, एउटा शुनम्मी स्त्री थिईन् र जब उनको सानो केटो मरेको थियो, र—र अगमवक्ताले उसलाई मृत्युबाट फेरी पनि जीवित उठाउनुभयो। त्यो एउटा रोमान्चक कथा हुनेगर्थ्यो।

31 "तर सबैभन्दा रोमान्चक कथाहरु मध्ये एउटा, र आमाले मलाई भन्ने गर्नुहुन्थ्यो, उहाँले भन्नुहुथ्न्यो, 'अब, यूहन्ना, तिमी केवल एउटा सानो केटो हौं; तर तिमी ठूलो हुँदै जादा, तिमीले यो याद गरेको म चाहन्छु, कि, महान यहोवाले हाम्रा मानिसहरुलाई मिश्रबाट निकालेर ल्याउनुभयो, र हामी त्यहाँको नदीको पारीको उजाडस्थान हुँदै आएका थियौ। र सबैजना चालिस वर्षसम्म, तिनीहरु त्यो उजाडस्थानमा यात्रा गरे, लुगा पाउने कुनै ठाउँ थिएन, र खाने कुनै ठाउँ थिएन। र परमेश्वरले स्वर्गबाट तल, हरेक रात रोटि बर्षाउनुभयो, र हाम्रा मानिसहरुलाई उजाडस्थानमा खुवाउनुभयो,

किनकि तिनीहरु कर्तव्यको पंक्तिमा थिए, महान यहोवालाई पछ्याईरहेका थिए। र अब, कुनै दिन, यहोवा यस पृथ्वीमा देहधारी हुनुहुनेछ, एउटा मानिसको रूपमा, उहाँलाई एक अभिषिक्त, मसिह भनिनेछ।'

32 "र म सम्झन्छु," उसले भन्छ, "एउटा सानो केटाको रूपमा, कसरी मेरो त्यो सानो केटोको दिमागले पत्ता लगाउथ्यो, पत्ता लगाउन खोज्थ्यो, 'कसरी परमेश्वरले ती सबैलाई, साढे बिस लाख मानिसलाई, त्यस उजाडस्थानमा खुवाउनुभयो? कसरी उहाँले ती सबै रोटिहरु पाउनुभयो?' र मैले आमालाई सोध्ने गर्थे, 'आमा, के उहाँ, यहोवासंग—आकाशमा ठूला–ठूला चुल्होहरु ल्याउनुभएको छ, र उहाँले सबै रोटिहरु तताउनु हुन्थ्यो, र राति चलाउनु हुन्थ्यो र यसलाई मैदानमा—राखिदिनुहुन्थ्यो, किनकि मानिसहरु, र यहोवाको ठूलो आकाश चुल्होले भरिएको छ?' उहाँले भन्नुहुन्थ्यो, 'होइन, छोरा, तिमीले बुझ्नको लागि अझै सानै छौ। हेर, यहोवा एक सृष्टिकर्ता हुनुहुन्छ। उहाँलाई चुल्होको खाँचो छैन। उहाँले केवल बोल्नुहुन्छ, र जब उहाँ बोल्नुहुन्छ उहाँको वचन प्रकट हुँदछ। उहाँ महान यहोवा हुनुहुन्छ, र उहाँले केवल यो बोल्नुभयो। र स्वर्गदूतले यसलाई मानिसहरुको निम्ति, तल जमिनमा बाँडिदिए।'

33 "र आज, जब मैले उहाँलाई त्यहाँ उभेको देखे, के तिमीले उहाँको मुहारमा त्यो हेराई देख्यौ? त्यहाँ उहाँको दिमागमा कुनै संका थिएन। म चट्टानको पछाडि चढे, र उहाँले त्यो रोटिलाई लिएर भाँचेर, तिनीहरु दिदै गर्नुभएको हेर्दै थिए...उहाँको सेवकहरु, हामी, मानिसहरुलाई दिनको निम्ति। र त्यसपछि जब उहाँ फेरी भाँच्नको लागि फर्केर जानुभयो, त्यो रोटि फेरी पूरा भयो। र उहाँले त्यो सयौ पटक गर्नुभयो, सबैजना नभरुन्जेलसम्म, र त्यहाँ भाँडाहरु थिए, भरिएको, लगिएको थियो। मलाई थाहा छ त्यो यहोवा भन्दा कम हुन सक्दैन थियो, किनभने उहाँले यहोवाले जस्तै व्यवहार गर्नुभयो। केवल यहोवाले मात्रै सृष्टि गर्नसक्दछ। र मलाई थाहा छ कि त्यो मानिस नक्कली होइन। त्यहाँ केवल एउटा सृष्टिकर्ता हुनुहुन्छ, र त्यो यहोवा हुनुहुन्छ। र अब, मैले देखेका सबै कुराहरु मध्ये, त्यसले मलाई सन्तुष्ट बनायो।

34 "म तिमीले यो थाहा पाएको चाहन्छु कि अब मेरो हृदय पूर्ण रूपले समर्पित छ, र म पूर्ण रुपले विश्वास गर्छु कि उहाँ केवल एउटा अगमवक्ता मात्रै हुनुहुन्न। उहाँ एउटा अगमवक्ता हुनुहुन्छ, तर उहाँ एउटा अगमवक्ता

भन्दा पनि बढि हुनुहुन्छ। उहाँ हाम्रो माझमा बास गरिरहनुभएको यहोवा परमेश्वर भन्दा कम हुनुहुन्न, किनभने उहाँले रोटि सृष्टि गर्नुभयो, र उहाँमा यहोवाको बानीहरु थियो। आश्चर्य छैन कि उहाँले भन्न सक्नुहुन्छ, 'यदि मैले मेरा पिताका कामहरु गरिन भने, तब मलाई विश्वास नगर; तर यदि मैले मेरा पिताका कामहरु गर्छु भने, र तिमीले मलाई विश्वास गर्न सक्दैनौ, कामहरुलाई विश्वास गर, किनकि तिनीहरुले मेरो गवाहि दिन्छ र म को हुँ भन्दछ।' मानिसहरुले त्यो सजिलै देख्न सक्थे जस्तो, देखिन्थ्यो।"

35 र उहाँ मसिह हुनुहुन्छ भन्ने कुरामा यूहन्ना सन्तुष्ट थिए, उहाँ जसको बारेमा यशैयाले भनेका थिए, "हाम्रा निम्ति एउटा छोरा दिईएको छ, र उहाँको नाउँ अचम्मका सल्लाहकार, शान्तिका राजकुमार, शक्तिशाली परमेश्वर, अनन्तका पिता भनिने छ।" र यूहन्ना सन्तुष्ट थिए किनभने उनले देखेका थिए। जवान साथीले आफ्नो गवाहि दिँदै थिए।

36 त्यसबेला, सिमोन पत्रुसले भने, "ठिक छ, अब, एकै मिनेट। यदि हामी एउटा गवाहिको सभा गर्न जाँदैछौ भने, म केहि कुरा भन्न चाहन्छु। तिमीलाई थाहा छ, म सबैकुराको बारेमा एकदम संखालु थिए, जब मेरो भाई आन्द्रियास, जसले यूहन्ना अगमवक्ताको जागृतिमा उपस्थित थिए, जसले मसिह आउदै हुनुहुन्छ र उसले उहाँलाई परिचय गराउने छ भनि गवाहि दिन्थे। र आन्द्रियासले मलाई भनेका कुराहरुमा म अलिकति संखालु थिए, किनभने मैले सबैथरीका मसिहका कथाहरु र सबैकुराहरु सुनेको थिए।

37 "तर तिमी सबै दाजुभाईहरुले मेरो बुढो बुवालाई याद गर्छौ। उहाँको नाम योनास थियो। र तिमीहरुले उहाँलाई सम्झन्छौ, कि कसरी उहाँ एउटा एकदम कट्टर विश्वासी हुनुहुन्थ्यो। कसरी मैले आमा र बुवालाई सम्झन्छु, र हामीहरु सबैजना, जिउनको लागि हामीले माछा माथ्र्यौ, र हामीले एउटा पनि माछा समात्न सकेका थिएनौ; हामीलाई रोटि चाहिएको थियो, र कसरी हामी भुइँमा जान्थ्यौ र परमेश्वरलाई प्रार्थना गथ्र्यौ, 'हे परमेश्वर, हामीलाई आज एउटा समात्न दिनुहोस्, ताकी हामीले हाम्रा माछाहरु बिक्रि गर्न सकौँ, र हाम्रा ऋणहरु तिर्न सकौँ, खानलाई खाना पाउन सकौँ।' र कसरी हामी बाहिर समुन्द्रमा जान्थ्यौ, त्यो हुरीमा, र ती हुरीहरु—सामना गर्ने आँट गथ्र्यौ।

38 "र बुवा, मैले उहाँको खैरो कपाल उहाँको पछाडि झुण्डिरहेको देख्न सक्थे, एक दिन डुंगाको ब्रेलमा बसेर उहाँ मसंग बोल्नुभयो, भन्नुभयो,

'सिमोन, तिमी मेरो जेठो छोरा हौ। तिमीलाई थाहा छ, मैले सधै विश्वास गरे, सिमोन, कि म मसिहलाई देख्नेछु। हाम्रा मानिसहरुले उहाँलाई अदनको समय देखि नै हेरिरहेको छ। र हामी पक्का छौ कि उहाँ आउदै हुनुहुन्छ, चाहे जत्ति नै लामो समय लागोस्। तिमी भन्छौ, त्यो चार हजार वर्ष भईसकेको छ। तर म विश्वास गर्छु कि मसिह आउनुहुनेछ। र हरेक यहूदीले विश्वास गरेको छ कि उसले आफ्नै पुस्तामा येशूलाई देख्नेछ। म आशा गर्छु कि म उहाँलाई मेरै पुस्तामा देख्नेछु। तर यो यस्तो देखिन्छ, म अब बुढो हुदैछु, मैले समुन्द्रमा काम गर्न बन्द गरिसके, र मेरो दुखाई र पिडाहरु छन्, मैले शायद उहाँलाई मेरो समयमा देख्दिन होला। तर हुनसक्छ तिमीले देख्नेछौ, मेरो छोरा।

39 "'र म तिमीलाई धर्मशास्त्रमा तालिम दिन चाहन्छु। छोरा, मसिह देखा पर्नुभन्दा पहिले, त्यहाँ सबै खालका कुराहरु भईरहेका हुन्छन्, सबै खालका झुटा कुराहरु, किनभने शैतानले त्यो गर्नेछ, जब उहाँ आउनुहुन्छ वास्तविक मसिहको प्रभावलाई नष्ट गर्नको निम्ति गर्दछ।'" यो सधै त्यहि तरिकामा भएको छ; अहिले पनि त्यहि तरिकामा भएको छ।

40 र त्यसपछि हामी भेट्टाउछौ कि, उसले भन्यो, "म सम्झन्छु कि उहाँले मेरो वरिपरी आफ्नो हात राख्नुभयो, भन्नुभयो, 'छोरा, त्यहाँ केवल एउटा मात्रै तरिका छ जसबाट तिमीले मसिहको पहिचान गर्न सक्छौ। अब कुनै अगमवक्ता बिना नै हामीले सयौ वर्ष पार गरेका छौ। मलाकी हाम्रो अन्तिम अगमवक्ता थिए। त्यो चार सय वर्ष अगाडि थियो, त्यसपछि हामीसंग अगमवक्ता थिएन। तर याद गर, मोशाले हामीलाई भनेका थिए, धर्मशास्त्रमा, कि, जब मसिह आउनुहुन्छ, उहाँ एउटा अगमवक्ता हुनुहुनेछ, जब उहाँ दृष्यमा देखा पर्नुभयो। हामी यहूदीहरुलाई अगमवक्ता माथि विश्वास गर्नको लागि सिकाईएको छ। र पृथ्वीमा मसिहको यात्रा परमेश्वरको एउटा बोलिएको वचन हो, जुन उहाँले हामीलाई प्रतिज्ञा गर्नुभएको छ। अनि वचन सधै एउटा अगमवक्तामा आउँदछ, र एउटा अगमवक्ताले वचनलाई प्रमाणित गर्दछ। तिमीले त्यो कहिल्यै नभुल्नु, छोरा! त्यहाँ महान कुराहरु उठ्लान्, त्यहाँ ठूला उत्साहहरु र—र ठूला कुराहरु होलान्। तर याद राख, मसिह एउटा अगमवक्ता हुनेछ, किनकि हामी जान्दछौ कि परमेश्वरले कहिल्यै पनि आफ्नो तरिका परिवर्तन गर्नुहुन्न, र उहाँले भन्नुभएको छ कि मसिह एउटा अगमवक्ता हुनुहुनेछ। त्यसैले याद गर, छोरा, अगमवक्ताहरु ती हुन् जसमा परमप्रभुको वचन हुँदछ। र जब मसिह आउनुहुन्छ, उहाँ एउटा अगमवक्ता हुनुहुनेछ।'

41 "म अझैँ पनि उहाँको हातहरु महसूस गर्न सक्छु।" सिमोनले भने, "जसरी उहाँले मेरो वरपर राख्नुहुन्थ्यो। र आन्द्रियास त्यहाँ जाल धुँदै उभिरहेको थियो, त्यो समयमा। तिमीलाई यो याद छ, आन्द्रियास?"

"याद छ, सिमोन, म—मलाई यो याद छ।"

42 "र आन्द्रियासले मलाई यो यूहन्ना एउटा अगमवक्ता हो भनि भन्न खोज्दै थियो। मैले गर्न पर्ने अरु काम थियो, माछा र कुराहरु बिक्रि गर्न पर्नेथियो। त्यसैले बुवा बित्नुभएको वर्षौं भयो, तर मैले त्यो सधै मेरो दिमागमा राखिरहेको छु; बुवाले भन्नुभयो, 'यो मसिह धर्मशास्त्रीय रूपमा पहिचान गरिएको अगमवक्ता हुनेछ, र यो नभुल, किनभने यो परमेश्वरको बोलिएको एउटा वचन हो। र त्यो वचन निरन्तर रुपमा सधै अगमवक्ताहरुमा आएको छ; जसले यो पहिचान गर्यो, वा युगको लागि के प्रतिज्ञा गरेको छ त्यो प्रकट गर्यो।'"

43 र अब सिमोनले, "एक दिन," भन्यो, उसले भन्यो, "तिमीलाई थाहा छ, आन्द्रियासले मलाई एउटा सभामा जानको लागि भन्यो। र त्यहाँ तल सभामा गए जहाँ यो साथी, येशू, हुनुहुन्थ्यो। र मैले सबैथरिका हल्लाहरु सुनेको थिए। त्यहाँ एउटा येशू उठेको थियो, उहाँ भन्दा अगाडि, जसले केहि महान हुँ भनि प्रतिज्ञा गरेको थियो, चार सयजनालाई अगुवाई गरेको थियो र तिनीहरु सबै नाश भए, र अन्य त्यस्तै। मैले सोचेको थिए कि यो त्यस्तै खालको अर्को एउटा होला, केहि प्रकारका केहि जागृतिका एउटा ठूलो उत्साहका साथ, वा केहि ठूलो नामधारी संगठन तिनीहरुले बनाउन जानेछन्। तर एकदिन मैले सोचे कि म आन्द्रियाससंग यहाँ जानेछु, मेरा भाईसंग।"

44 र म कल्पना गर्नसक्छु, त्यो समयको बारेमा, डुंगा हल्लिन शुरू गर्यो। कोहि चिच्याउन थाल्यो, र उसले भन्यो, "तल बस! डुंगालाई नचलाऊ। एक मिनेट पर्ख। स्थिर बस।"

45 र उसले भन्यो, "तिमीलाई थाहा छ, जब म त्यहाँ तल गए र उहाँको अगाडि हिडे, पहिलो पटक, उहाँले मलाई सिधा आँखामा हेर्नुभयो र मेरो नाम के हो त्यो भनिदिनुभयो। उहाँले मलाई पहिले कहिल्यै देख्नुभएको थिएन। उहाँले मलाई चिन्नु मात्रै भएको थिएन, तर उहाँले मेरो धार्मिक बुढो बुवालाई पनि चिन्नुभयो, जसले मलाई धर्मशास्त्रको बारेका निर्देशन दिनुभएको थियो। र उहाँ नै मसिह हुनुहुन्थ्यो भनि मैले चिने। यसले मेरो

निम्ति ठिक त्यहाँ, मामिला ठिक पार्यो। त्यो थियो। त्यसले मेरो निम्ति, ठिक गर्यो।”

46 फिलिपले भनेको हुनुपर्छ, “के म यहाँ एक शब्द भन्न सक्छु?” अब उसले भन्यो, “भाई नथानेल, यसले तिमीलाई मन दुखाउन नदेऊ; किनभने, तिमीलाई थाहा छ कि हामीले बर्षौं देखि वर्षौंसम्म चर्मपत्रहरु अध्ययन गरेका थियौ, कि मसिह कस्तो हुनुहुनेछ भनि। तर जब उहाँले त्यो गर्नुभएको मैले देखे, तब मैले मेरो साथी नथानेललाई, यहाँ ल्याए। र जब ऊ आयो...”

नथानेलले भन्यो, “मलाई बताउन देऊ। मलाई यो बताउन देऊ।”

47 ओ, तपाईलाई थाहा छ, त्यहाँ केहि कुरा थियो जब येशूले तपाईको लागि केहि गर्नुभएको थियो, तपाई—तपाई केवल मुस्किलले स्थिर रहन सक्नुहुन्न, तपाईले यो भन्नुपर्छ, आफैले। के त्यो सहि होइन र? यदि यो वास्तविक हो भने, तपाईले केवल यो भन्नुपर्छ। जब उहाँले मलाई पवित्र आत्माले भर्नुभयो, म यसको बारेमा भन्न चाहन्छु। म कसैले यो बारेमा थाहा पाओस् भन्ने चाहन्छु। अरु कसैले यो भनेर होइन; म आफैले, यो भन्न चाहन्छु।

48 र म कल्पना गर्छु, नथानेल पूरा उत्साहित भए र भने, “तिमीलाई थाहा छ, म यो भन्न चाहन्छु। म तिमीमा थोरै संखालु भएको थिएँ, फिलिप, जब तिमीले मलाई भनेको थियौ। मैले तिमीलाई सोधे, ‘के नासरतबाट नि कुनै असल कुरा आउन सक्छ र?’ र तिमीले मलाई कुनै पनि मानिसले दिनसक्ने सबैभन्दा राम्रो जवाफ दिएको थियौ, ‘आऊ अनि हेर।’” त्यसले आज राम्रो काम गर्छ। त्यो सहि हो। घरमा बसेर आलोचना नगर। आऊ, आफैले पत्ता लगाऊ, हेर। “भन्यो, ‘के नासरतबाट नि कुनै असल कुरा आउन सक्छ र?’ भन्यो, ‘आऊ र आफैले हेर।’ र तिमीलाई थाहा छ तिमीले मलाई के भनेको थियौ।

49 “र जब म उहाँको उपस्थितिमा गएँ, र उहाँले मलाई म ‘एउटा—एउटा हिब्रू, इस्राएली, र इमानदार मानिस हुँ’ भनि भन्नुभयो, मलाई त्यो थाहा थियो।

50 “तर मलाई अचम्म लाग्यो, ‘यो कसरी हुनसक्छ?’ उहाँ एउटा सामान्य मानिस जस्तो देखिनुहुन्थ्यो। मैले त मसिह स्वर्गबाट एउटा सुनौलो मार्गहरुमा तल आउनुहुन्छ भनि अपेक्षा गरेको थियो, ठिक तल,

यरूशलेममा, संगठित मण्डलीको टाउकोमा, आएर भन्नुहुन्छ, 'कैयाफा, म आईपुगे।' तर तिनीहरुले पाए कि, उहाँ त नासरतको, एउटा गरिब परिवारबाट आउनुभयो; र वास्तवमा उहाँको पछाडि एक किसिमले एउटा कालो नाम थियो, जस्तो 'एक नाजायज बच्चा।' यहाँ उहाँ उभिनुभयो, सामान्य पोशाक लगाएको, एउटा पूजाहारी वा अन्य केहि त्यस्तै जस्तो थिएन; केवल एक साधारण मानिस। र मैले सोचे, जब म त्यहाँ माथि गएँ, 'कसरी त्यो मसिह हुन सक्छ? एउटा पुरानो लुगा लगाको छ, उहाँले त्यो उहाँ जवान मान्छे हुँदा देखि लगाउनुभएको थियो, र यहाँ उहि लुगा लगाएको छ; र उहाँको कपाल उहाँको पछाडि झुण्डिरहेको छ। र सडकको एउटा साधारण मानिस जस्तो।'

51 "र उहाँले मलाई अनुहारमा हेर्नुभयो, र भन्नुभयो, 'फिलिपले तिमीलाई बोलाउनुभन्दा अघि, तिमी रूखको मुनि हुँदा, मैले तिमीलाई देखेको थिएँ।' त्यति नै मेरो लागि काफि थियो। मलाई थाहा थियो, वचनद्वारा, त्यो मसिह हुनुहुन्थ्यो। त्यो उहाँ हुनुहुन्थ्यो।"

52 र डुंगा हल्लिएको हुनुपर्छ, र गवाहिको सभा जारी थियो। ओ, तिनीहरुको कति अद्भूत समय भईरहेको थियो, त्यहाँ बाहिर समुन्द्रमा, बस एक राम्रो समय बिताउदै थियो।

53 आन्द्रियासले भन्यो, "म केहि कुरा भन्न चाहन्छु जसले मलाई केहि समयको लागि अलमल्लमा पारेको थियो। तिमीलाई याद छ जब हामी—हामी तल यरिहोमा जाँदै थियौ? उहाँले भन्नुभयो, 'हामीहरु माथि जानुपर्छ; म सामरियाबाट भएर जानुपर्छ।' त्यसैले, उहाँ माथि सामरियामा सिखारको शहरमा जानुभयो, जब उहाँले हामीलाई शहरमा खाना किन्न पठाउनुभएको थियो।"

54 "ओ, हो, मलाई त्यो याद छ, ठिक छ!" तिनीहरु सबैले, "हो, हो!" डुंगा केवल हल्लिदै थियो, जागृति सक्के पछि सबैजनाको एउटा अद्भूत गवाहि हुँदै थियो। त्यसैले तिनीहरुले यो गवाहि सभा गरिरहेका थिए।

55 र उसले भन्यो, "हो, र तिमीलाई याद छ हामी चिप्लिएका थियौ, र, अचम्मको कुरा, हामीले हाम्रा गुरुलाई एउटा वेश्याको रुप चिनिएको महिलासंग बोलिरहेको देख्यौ। 'अँ–ह,' हामीले सोच्यौ, 'त्यो नराम्रो हो। उहाँलाई हेर त त्यहाँ यो जवान युवतीसंग बोलिरहनुभएको छ। र हामीलाई चाहि टाढा पठाउनुभयो, र उहाँ यहाँ बदनाम महिलासंग बसिरहनुभएको

छ।' याद छ, हामी ठिक झाडीको पछाडि उभिरहेका थियौ, र हामीले उहाँहरुको संवाद सुन्यौ।

56 "र उहाँले उनलाई यसो भनेको हामीले सुन्यौ, 'महिला, जाऊ र आफ्नो श्रीमानलाई लिएर यहाँ आऊ।'

57 "र हामीले भन्यौ, 'ठिक छ, हामीले गलत सोचेका होलौ, शायद महिला वैधानिक रुपमै विवाहित थिईन्।'

58 "र उनले उहाँलाई फर्केर अनुहारमा हेरिन्, र भनिन्, 'महोदय, मेरो कुनै श्रीमान छैन।'

59 "तिमीलाई याद छ कसरी हाम्रो हृदय असफल भयो? 'हाम्रो महान मसिह जसमा हाम्रो भरोसा थियो, यहाँ एउटा झुटमा, विपरित प्रहारमा समातियो, किनकि उहाँले भन्नुभएको थियो, "जाऊ र आफ्नो श्रीमान लिएर आऊ," र उनले फर्काएर साक्षी दिएकी छिन् कि उनको कुनै श्रीमान नै छैन। अब यो उहाँमा विपरित प्रहार हो।' याद छ कसरी हामी सबै अचम्ममा परेको देखिन्थ्यौ, र हामीबाट श्वास नै बाहिर गएको थियो?"

"हो, यो मलाई याद छ।"

60 "र त्यसपछि तिमीले अर्को शब्द याद गरेको छौ? उहाँले भन्नुभयो, 'तिमीले साँचो भनेको छौ, किनभने तिमीसंग पाँचओटा श्रीमानहरु थिए, र जो संग तिमी अहिले बसिरहेकी छौ त्यो तिम्रो होइन।' ओ, तिमीलाई याद छ झाडीको पछाडि भएको गवाहिको सभा? मेरो!" हेर्नुहोस्, तपाईले उहाँलाई कुण्ठित पार्न सक्नुहुन्न। उहाँ परमेश्वर हुनुहुन्छ। "ओ," सिमोनले भने, "त्यो केवल..." आन्द्रियासले भने, "त्यसले मलाई ढुक्क पार्यो।"

61 बार्थोलोमेउले भने, "पर्ख, म एउटा गवाहि राख्न चाहन्छु। के म यो गर्नसक्छु, दाजुभाईहरु?"

62 "ओ, ठिक छ, मलाई लाग्छ तिमीले गर्नसक्छौ, हामीसंग पर्याप्त समय छ। उहाँ अझै पनि माथि आईपुग्नुभएको छैन, त्यसैले हामी मात्रै थोरै चाल्नेछौ। अगाडि बढ, बार्थोलोमेउ, तिमी गवाहि देऊ।"

63 "ठिक छ, मेरो लागि ठूलो कुराहरु मध्ये, तिमीलाई सम्झना छ तल यरिहोमा रेबिका नाम गरेको, बहिनी?"

"हो।"

"र उसको श्रीमानले तल त्यहाँ भोजनालय चलाउछ नि।"

"अँ–ह।"

64 "र—र उहाँ एउटा व्यापारी थियो, र उहाँको नाम जखायास हो।"

"हो, हो, म उहाँलाई राम्ररी सम्भन्छु।"

65 "तिमीलाई सम्भना छ, उनी—उनी हाम्रा बहिनीहरु मध्ये एक हुन्। उनले प्रभुमा विश्वास गरेकी थिईन्, र उनी यति डराएकी थिईन् कि जखायासले यो सबै येशूलाई स्वीकार गरे बिना नै जान दिनेछ। र, ओ, जखायास त्यहाँको पूजाहारीसंग एकदम राम्रो साथी थियो। र त्यसैले उनले केहि कुरा होस् जसले उसको आँखा खुलेको होस् भनि प्रार्थना गरिरहेकी थिईन्, र उसले उहाँ गुरु हुनहुन्छ, यो परमेश्वरको प्रमाणित वचन हो, हामी माभमा शरीर बन्नुभएको हो भनि चिनोस भन्ने चाहन्थिन। र हामीले उनलाई भन्न कोशिष गर्यौ...कसरी नासरतका येशूले हृदयका रहस्यहरु थाहा पाउनुहुन्छ, उहाँ वचन हुनुहुन्थ्यो भनि देखाउदै, किनकि वचनले हृदयमा भएका विचारहरुलाई चिन्दछ।

66 "'बकवास,' उहाँले भन्नुभन्यो, 'म पूजाहारीलाई विश्वास गर्छु। पूजाहारीले के भन्छ त्यो नै मेरो लागि राम्रो छ।' किनभने ऊ शहरको सबै—नियमहरु, किवानिस र सबैकुरासंग सम्बन्धित छ, तिमीलाई थाहा छ, त्यसैले उहाँले...यसमा छाड्नको लागि उहाँलाई गाह्रो थियो। त्यसैले रेबिकाले हामी सबैलाई प्रार्थना—प्रार्थना गर्नको निम्ति भनेकी थिईन्। र हरेक पटक हामी उहाँ एउटा अगमवक्ता हुनुहुन्छ भन्ने विषयमा आउथ्यौ, उहाँले भन्नुभयो, 'बकवास! पूजाहारीले भन्छन्, "ऊ बालजिबुल हो। ऊ एउटा शैतान हो। उसले त्यो शैतानको शक्तिद्वारा गर्छ। र ऊ केवल एक मानसिक पागल हो। यसमा त्यो मात्र छ। त्यहाँ यसमा अरु केहि पनि छैन।" त्यसैले यस दिनमा त्यहाँ कुनै त्यस्तो चिज छैन; हामीसंग सयौ वर्ष देखि अगमवक्ता नै छैन। र कसरी त्यो मान्छे, जोसंग संगतिको कार्ड समेत छैन, कसरी ऊ अगमवक्ता हुन सक्छ? ओ, ऊ त्यस्तो कुरा हुने कुनै सम्भावना नै छैन!'

67 "तर, तिमीलाई थाहा छ, रेबिकाले उहाँको श्रीमतीले, थामि नै रहिन्, र प्रार्थना गरि नै रहिन्। र एक बिहान जब येशू शहरमा आईरहनुभएको थियो, ठिक छ, त्यसपछि हामीले पायौ कि, रेबिकाले हामीलाई भनेकी थिईन् कि जखायास बाहिर सडकमा—जानुभएको थियो, उहाँलाई हेर्नको लागि। त्यसैले उहाँले उहाँ अगमवक्ता हुनुहुन्छ भन्नेकुरा विश्वास गर्नुभएको थिएन,

त्यसैले उहाँले भन्नुभयो, 'म उसलाई एक पटक राम्ररी हेर्छु,' कसरी उहाँले हामीलाई भोजनालयमा खाईरहेको बेलामा त्यो दिन गवाहि दिनुभयो। उहाँ एउटा अन्जिरको रूखमा चढ्नुभयो, र भन्नुभयो, 'तिमीलाई थाहा छ, म बस आफूलाई अर्कै भेषमा राख्छु ताकी उहाँले मलाई देख्नुहुनेछैन। यसै पनि, म एउटा सानो मान्छे हुँ, एकदम होचो। र म उहाँलाई त्यहाँ तल देख्न सक्दिन, भिडमा, त्यसैले म बस यहाँ रूखमा चढ्नेछु।' र उहाँ त्यहाँ जानुभयो जहाँ दुई—दुईटा हाँगा जोडिन्छ, र त्यहाँ उहाँ बस्नुभयो, यी हाँगाहरुमा।"

68 त्यो बस्न र अध्ययन गर्नको लागि एउटा राम्रो ठाउँ हो। जहाँ दुईटा बाटाहरु भेट हुन्छन्, तपाईको र परमेश्वरको; तपाईको विचार। त्यो एउटा राम्रो कुरा हो, यो सोच्नको लागि।

69 "त्यसैले उहाँले भन्नुभयो, 'तिमीलाई थाहा छ, उहाँ एउटा अगमवक्ता हुनुपर्छ। उहाँ हुनसक्छ। यो सम्भव छ कि म गलत हुनसक्छु। त्यसैले म तिमीलाई भन्छु, म उहाँलाई राम्ररी हेर्छु; र उहाँले मलाई चिन्नुहुनेछैन। त्यसैले म सबै पातहरु लिन्छु अनि यसरी तान्छु, मेरो वरपर राख्छु, र म आफैलाई अर्कै भेषमा राख्छु ताकी उहाँले मलाई देख्नुसम्म हुनेछैन। अनि उहाँ आउदै गर्नुहुँदा म उहाँलाई हेर्छु। र यदि उहाँ सहि खालको व्यक्ति जस्तो देखिनुभएन भने, म मेरो दिमागको एक भाग उहाँलाई दिनेछु, यहाँ यो रूखमा बसेर।' त्यसैले उहाँले हेर्नुभयो, र एउटा पात थियो ताकी उहाँले उठाउन र उहाँ कुनामा आउनुहुँदा उहाँलाई हेर्न।

70 "र जब उहाँ कुनातिर आउनुभयो, तल सडकमा हिड्दै, तपाईलाई थाहा छ, एउटा छेउबाट अर्कोमा हेर्दै, र चेलाहरुले भनिरहेका थिए, 'छेउमा उभिनुहोस्। मलाई माफ गर्नुहोस्।' र मानिसहरु बिमार बच्चा र अन्य सहित थिए। 'मलाई माफ गर्नुहोस्, गुरु ज्यू एकदमै थाक्नुभएको छ; त्यो महान सेवा गत राति।' र, एक सज्जन जस्तै, 'के तपाई एक छेउमा उभिएर उहाँलाई जान दिनुहुन्छ, जब उहाँ तल शहरमा आउनको लागि बाटो बनाउदै हुनुहुन्छ, र के तपाई कृपया एक छेउमा उभिदिनुहुन्छ?' र जखायास यहाँ माथि बसिरहेका थिए, तल उहाँलाई हेर्दै।

71 "र येशू सिधै रूखको मुनि आउनुभयो, रोकिनुभयो, माथि हेर्नुभयो र भन्नुभयो, 'जखायास, त्यहाँबाट तल आऊ। आजको रातको खानाको लागि, म तिमीसंग तिम्रो घर जाँदैछु।' त्यो नै मेरो लागि काफि भयो।

उहाँलाई थाहा थियो कि ऊ त्यहाँ माथि थियो, र उहाँलाई उसको नाम थाहा थियो, ऊ के थियो भनेर। यत्तिले नै मलाई पुग्यो। त्यो मसिह हुनुहुन्थ्यो, मेरो लागि। हो, श्रीमान। किनभने, हामीलाई थाहा छ कि मसिहले त्यो गर्नुहुन्थ्यो। पक्कै पनि। त्यसैले उहाँ ऊसंग घर जान पर्नेथियो, भन्नुभयो, त्यो दिनको रातको खानाको लागि। त्यो कति महान समय थियो! हामीले यो सम्झन्छौ।"

72 तपाईलाई थाहा छ, यो लगभग त्यतिबेलाको समयमा हुनुपर्छ, गवाहिको सभा चलिरेको थियो। तपाईलाई थाहा छ, समुन्द्रमा यी चेलाहरुले, गवाहि दिईरहेका थिए, यो रातको अन्धकारमा कतै भएको थियो, माथि त्यहाँ उत्तरी भूमिमा, त्यो शैतान पहाड माथि गएर तल हेरेको हुनुपर्छ। त्यसले त्यो गवाहिको सभामा हेर्यो, र भेट्टायो कि तिनीहरु उहाँ बिनानै त्यहाँ गएको रहेछ। त्यहाँ उसको मौका थियो।

73 हेर्नुहोस्, मलाई लाग्छ कि त्यो दृश्य फेरी फर्किएको थियो, आफै दोहोरिएको थियो। तिनीहरुले, जागृतिको उत्साहमा, तिनीहरु उहाँ बिनानै गएका थिए। र म विश्वास गर्छु कि त्यो हामीहरुमा धेरै भएको छ आज, त्यो, यो अन्योलताको घडीमा, र हामीले देखेको यो महान जागृति पछि। यो संसारभरि फैलिएको छ। हरेक राष्ट्रमा जागृतिको आगो निमार्ण भएको, र जलिरहेको; महान चंगाईका सेवाहरु; मानिसहरुले पवित्र आत्मा प्राप्त गर्दै, दशौ हजारौ हजारौमा। र यसको उत्साहमा, जस्तो ती चेलाहरुले उहाँले के गर्नुभयो भनि गवाहि गर्दै थिए, "र, ओ, हामीले उहाँले *यो* गर्नुभएको देखेका छौ, र हामीले उहाँले *त्यो* गर्नुभएको देखेका छौ," म विश्वास गर्छु कि हामीहरु तिनीहरु जस्तै, उहाँ बिना गएका छौ।

74 हामी ठूला ठूला अवसरहरुबाट गलत गयौ जुन—जुन जागृति हामीलाई प्रस्तुत गरेको थियो। हामी धेरै पैसा कमाउने अवसरहरुमा गएका छौ, मण्डलीहरु, ठूला भवनहरु निर्माण गर्न, महान ठूला लाखौ–डलरका ठाउँ, महान विद्यालय, शैक्षिक प्रणालीहरु, र हाम्रा नामधारी संगठित मण्डलीहरु वृद्धि गर्दै। र त्यसपछि हाम्रो साम्यवादका कार्यक्रमहरु, साम्यवाद विरोधीहरु, त्यहि नै मात्रै हामी आज कुरा गर्नसक्छौ। र पहिलो कुरा जुन तपाईलाई थाहा छ, शैतानले हामीलाई हाम्रो साम्यवाद विरोधी कार्यक्रमहरुमा देखेका छौ, हाम्रा ठूला साम्प्रदायिक कार्यक्रमहरुमा, र हाम्रो "लाखौ धरै," र अन्य त्यस्तै, जस्तो तिनीहरुले पाएका छन्।

75 र हामीहरु पुरानो–समयको प्रार्थनाको सभाहरुबाट टाढा गएका छौ र पवित्र आत्माको बप्तिष्मा बिना नै गयौ, तबसम्म कि आगो नै निभ्न थाल्छ। तपाई कराउन सक्नुहुन्छ, र मानिसलाई वेदीमा जान कोशिष गर्नुहुन्छ, र तिनीहरु लगभगमरेकै छ जस्तो गरि हिड्छन्, एउटा आउने डर। र सेवकहरुलाई तिनीहरुसंग प्रार्थना गर्नको लागि बोलाउछन्, "ओ, उसले मलाई किन सोधेको?" र तिनीहरु त्यहाँ तल जान्छन्, र तपाईले तिनीहरुलाई पाउन सक्नुहुन्न। र तिनीहरु त्यहाँ केहि मिनेटको लागि उभिन्छन्, माथि तपाईलाई हेर्छन्, र फर्किन्छन् र तिनीहरुको कुर्सीहरुमा बस्छन्। मेरो लागि, आगो बाहिर गईसकेको छ! केहि भएको छ। सुन्नुहोस्! हामीलाई एउटा जागृति चाहिन्छ, त्यो पापीहरु, ख्रीष्टलाई हेर्दै, पश्चताप, तिनीहरुको हात माथि उचालेर वेदीतर्फ दगुर्छन्, दयाको लागि चिच्याउछन्, र पूरा मण्डली एउटा आगोको ज्वालामा थियो, परमेश्वरको महिमासंग।

76 हाम्रो संगठनहरुलाई वृद्धि गराउने अवसरको लागि हाम्रा उत्साहहरु, हाम्रा सेवकहरुलाई शिक्षित पार्नको लागि ठूला विद्यालयहरु बनायौ, र तिनीहरुलाई शुरूमा भएको भन्दा परमेश्वरबाट टाढा पुरायौ। परमेश्वर शिक्षाबाट चिन्नुहुन्न। उहाँ धर्मज्ञानबाट चिनिनुहुन्न। परमेश्वर विश्वासद्वारा चिनिनुहुन्छ। तपाईले परमेश्वरलाई व्याख्या गर्न सक्नुहुन्न। उहाँ व्याख्याभन्दा बाहिर हुनुहुन्छ।

77 हेर्नुहोस् यसले के गर्यो, हामी पेन्टिकोष्टल मानिसहरु जो पेन्टिकोष्ट हुने गर्थ्यौ। हाम्रा महिलाहरुले कपालहरु काटेका छन्, मेकअप लाउदै। हाम्रा पुरुषहरुले यसलाई अनुमति दिईरहेका छन्। हाम्रा सेवकहरुले यो अनुमति दिईरहेका छन्। तिनीहरु यसको बारेमा केहि भन्न डराउछन्। यदि तिनीहरुले गरे भने मण्डलीले तिनीहरुलाई हटाउछन्। ओ, यदि हामीलाई घरको सफाई आवश्यक छैन भने, पुल्पिटको ठाउँबाट तल भुइँतल्लासम्म। यो शर्मको कुरा हो। यो एउटा अपमान हो।

78 केहि मानिस मकहाँ आए, धेरै समय अघि, र भने, "भाई ब्रन्हाम, मानिसहरुले तपाईलाई प्रेम गर्छन्।" तर भने, "तपाईले जहिल्यै पनि उनीहरुलाई सुनाईरहनुहुन्छ, ती महिलाहरुलाई सुनाईरहनुहुन्छ, छोटो कपाल भयो र त्यस्तै कुराहरु भन्नुहुन्छ।"

मैले भने, "बाईबलले भनेको छ कि यो उनको लागि अपमानजनक कुरा हो।"

79 उसले यो गर्दा उनको आफ्नो श्रीमानको अनादर गर्दछिन्। र तपाई परमेश्वरबाट टाढा जानुभयो यो विल्कुलै चिन्ह हो। याद गर्नुहोस्, शिमशोनको मामिलामा, लामो कपाल एउटा नासरीको चिन्ह थियो कि ऊ संसारबाट टाढा, परमेश्वरको वचनमा गएको थियो। र जब तपाईले आफ्नो कपाल काट्नु हुन्छ, महिलाहरु, तपाईले तपाई नासरीको चिन्ह हो भनि इन्कार गर्नुहुन्छ। तपाई बाईबलमा फर्केर जानुको सट्टामा हलिवूडमा जानुभएको छ। बाईबलले भनको छ, "तिनीहरुले कपाल नकाटून्।" हेर्नुहोस्, यो एउटा शर्मको कुरा हो, अनि सेवकहरुले यसको बिषयमा केहि पनि भन्दैनन्।

80 यो मानिसले मलाई भन्यो, "तपाई किन ती महिलाहरुलाई एक्लै छोडिदिनुहुन्न?" भन्नुभयो, "तिनीहरुले तपाईलाई एउटा अगमवक्ताको रूपमा लिन्छन्।"

मैले भने, "मैले कहिल्यै पनि भनेको छैन कि म एउटा अगमवक्ता हुँ।"

81 भन्यो, "तिनीहरुले तपाईलाई त्यो तरिकामा लिन्छन्। तिनीहरुलाई आत्मिक वरदानहरु कसरी प्राप्त गर्ने र केहि गर्ने बारेमा सिकाउनुहोस्। तपाईले तिनीहरुलाई ठूला, महान कुराहरु सिकाउनु पर्छ।"

82 मैले भने, "कसरी मैले तिनीहरुलाई बीजगणित सिकाउन सक्छु जब कि तिनीहरुले आफ्नो एबिसी हरु पनि सिक्न सक्दैनन्, कसरी यसको बारेमा सभ्य जीवन बिताउने? तपाईले यसलाई कसरी गर्न जाँदै हुनुहुन्छ? हो, प्रथम कुराहरुमा जानुहोस्।"

83 वर्ष पछि वर्ष, राष्ट्र पार गर्दै, र यो झन् झन् खराब हुदैछ। त्यहाँ कहिँ केहि खराबी छ, यो वचनसंवत छैन। हामीले फेरी जागृतिको आगो जलाउन नसक्नुमा कुनै आश्चर्य छैन। हामीलाई घर सफाई समय चाहिएको छ। हामी फेरी फर्केर नआएसम्म परमेश्वरले त्यो गर्नुहुनेछैन। हामीलाई घर सफाईको समय चाहिएको छ।

84 र तपाई मानिस, तपाई आफ्ना पत्नीलाई त्यस्तो कुरा गर्न दिनुहुन्छ, छोटो कपडा लगाउने! तिनीहरु मेथोडिष्ट, ब्याप्टिष्ट होइनन्। त्यो पेन्टिकोष्टलहरु हुन्, त्यो सहि हो, "ईश्वरभक्तिको भेस लगाउने, लाउडिकियाको मण्डलीको युग, मनतातो," नामबाट पेन्टिकोष्ट, त्यहि नै हो। पेन्टिकोष्ट एउटा नाम होइन, यो पवित्र आत्माको बप्तिष्माको एउटा अनुभव हो, जसले मानिसलाई शुद्ध बनाउछ। हामीमा महान चंगाईका

सेवाहरु र त्यस्ता चिजहरु नहुनुमा कुनै आश्चर्य छैन, त्यहाँ कतै केहि कुरा गलत गएको छ। यो शैतान हो, हामीले प्रयास गरिरेको देखको थियो...

85 "ठिक छ, हामीले यसको बारेमा जे पनि भन्छौ, तिनीहरुले आफ्नो सदस्यता परिवर्तन गर्नेछन्।"

86 याद गर्नुहोस्, तपाईले इसाईहरुलाई पाल्तु पार्नुहुन्न। इसाईहरु सख्त हुन्छन्। तिनीहरु परमेश्वरका पुरुष र महिलाहरु हुन्, जो परमेश्वरको पक्षमा उभिन्छन्, चाहे जो कसैले जे सुकै भनून्। तपाईले तिनीहरुलाई विन्ती र मनाउन पर्ने, मस्का लगाउन पर्ने वा शिशु स्याहार गर्न पर्ने हुदैन। त्यो तातो ओछ्यान हो, मिश्रित बिरुवा, यो सबै राम्रो होइन, तिनीहरुले कहिल्यै पनि केहि उत्पादन गर्न सक्दैन।

87 मलाई स्मरण गराउछ, जस्तै एउटा...यो चाडै नै गुँड बनाउने समय हो। आज मैले साना चराहरुलाई याद गरे, त्यहाँनिर, साना भँगेराहरुले आफ्ना गुडँहरुमा पराल हालिरहेका थिए। तिनीहरुले गुँडहरु बनाउन्जेलसम्म धेरै टिक्दैन, तिनीहरुको साना अण्डाहरु बाहिर ननिस्कुन्जेलसम्म। तपाईलाई थाहा छ, एउटा सानो चराको अण्डाहरुको एउटा गुँड हुनसक्छ, र उनी त्यो अण्डाको गुँडमा बस्न सक्छिन्, र उनले तिनीहरुलाई हरेक मिनेट पल्टाउछिन्; आफ्नो सानो खुट्टा लिन्छिन् र तिनीहरुलाई पल्टाउछिन्, र त्यहाँ बस्छिन्। अब, यदि उनले एक पटक तताईसकेपछि, ती अण्डाहरुलाई चिसो हुन दिईन् भने, त्यो अण्डा निस्कने छैन। र उनी बस उड्छिन् र मुखभर खाना ल्याउछिन्, र फेरी तिनीहरुमा फर्किहाल्छिन्।

88 र तपाईलाई थाहा छ, त्यो सानी माता चरी, उनी ती अण्डाहरुमा बस्न सक्छिन्, र हरेक दुई मिनेटमा त्यसलाई पल्टाउछिन्, र होइन...यहाँसम्म उनी यति कमजोर भएर गुँडबाट निस्किन नसकुन्जेलसम्म पनि वलिदान र उपवास बस्छिन्। तर जबसम्म, तब, त्यो माता चरी पुरुष चरासंग सम्पर्कमा हुदिनन्, त्यो अण्डाहरु निस्किदैनन्। जे भए पनि, जति सुकै तपाईले त्यसलाई शिशु स्याहार गर्नुहोस्, तिनीहरु निस्क्दैनन्। तिनीहरु ठिक गुँडमै रहन्छन् र सड्छन्।

89 र यदि त्यहाँ कुनै समय पेन्टिकोष्टलले जीवनसाथी, येशू ख्रीष्ट पाउनुपर्नेछ भने; किनकि सडेको अण्डाका एउटा गुँड बाहेक हामीले अरु केहि पनि पाएका छैनौ, विश्वासलाई नकार्दै, एक्युमेनिकल काउन्सिलमा जाँदै, र यसलाई महान कुरा भन्दै, पपको छेउमा बस्न, र भन्दैछौ, "यो

आत्मिक हो।" तपाई पेन्टिकोष्टल मानिसहरुमा, संसारमा के भएको छ? के तपाईलाई थाहा छैन कि बाईबलले ती कुराहरु हुनेछ भनि भनेको छ भनि? र हामी हल्ला गर्छौं किनकी मेथोडिष्टहरु र ब्याप्टिष्टहरु भित्र आईरहेका छन्, र त्यसपछि त्यस्ता सबै कुराहरुको लागि। के तपाई बुझ्नुहुन्न कि जब सुतिरहेका कन्याहरु तेल किन्न आउँछन्, त्यहि नै घडी हो जब दुलहा आउछन्? अनि तिनीहरुले तेल पाएनन्! तपाईलाई थाहा छ, र्याप्चर यति गुप्तमा आउछ, र टाढा जान्छ, यी समय मध्ये केहि, तपाईलाई थाहासम्म हुदैन कि यो भएको छ भने। यो जानेछ, र तपाई के भयो भनि अचम्ममा पर्नुहनेछ।

90 जसरी यूहन्ना पृथ्वीमा आए। र तिनीहरुले उहाँलाई भने, भने, "ठिक छ, बाईबलले भनेको छ, एलिया पहिले आउनुपर्दछ।" उहाँले भन्नुभयो, "ऊ आईसकेको छ, र तिमीहरुले यो थाहा पाएनौ।"

91 यस्तै नै हुनेछ, कुनै दिन, तिनीहरुले भन्नेछन्, "मैले सोचेको थिएँ कि यो तपाई महासंकष्टको कालमा हुनेछ। मैले सोचेको थिएँ कि र्याप्चर हुनपर्ने थियो।" वचन फर्केर आउछ, "यो भईसकेको छ र तिमीलाई यो थाहा छैन।" अँ–ह। यो हामीले सोचेको भन्दा पनि ढिलो भईसकेको हुनसक्छ। ओ, जाग, मण्डली! मैले त्यो बन्द गर्दा राम्रो होला; म यहाँ कहिल्यै पनि सिद्धान्तको लागि आउदिन, मैले केवल सोचे कि म त्यसमा मुक्का लगाउनेछु ताकी तपाई यसलाई छेउमा राख्न सक्नुहुन्छ।

92 याद गर्नुहोस्, भाई, शैतानले यी ठूला कार्यक्रमहरु गरिरहेको देखेको थियो, हाम्रा मण्डलीहरुले अरुलाई उछिन्न खोजेको, एउटा संगठित मण्डलीले अर्कोलाई उछिन्न खोजेको, सबै निरक्षरता हटाउन र तिनीहरुलाई मनोविज्ञानको परिक्षा दिन पर्छ, मिशन फिल्डमा जानु अघि एक मानिसलाई परिक्षण गर्न मनोवैज्ञानिक राख्नुपर्छ। पेन्टिकोष्ट! होइन, त्यो—त्यो—त्यो प्रेस्बिटेरियन होइन, त्यो पेन्टिकोष्ट हो। मिसनरीहरुले क्षेत्र लिनभन्दा अगाडि निश्चित समूहका पेन्टिकोष्टलका, ठूला समूहलाई एउटा मानसिक परिक्षणको आवश्यक हुन्छ।

93 के हुन्छ यदि तिनीहरुसंग यस्तो परिक्षण हुन्छ भने? तिनीहरुसंग एउटा परिक्षण छ। यो शुरूमा एउटा पेन्टिकोष्टल परिक्षण थियो, जब तिनीहरु माथिका कोठामा तबसम्म पर्खिरहेका थिए जबसम्म त्यहाँ माथिबाट आगो, र परमेश्वरको शक्ति आएन। त्यो परिक्षण थियो।

94 कुनै संसारिक, अर्ध रक्सिले मातिएको मनोवैज्ञानिक उभिएर त्यहाँ मन बनाउन खोजेको थिएन, यदि तिमी थोरै उत्साहित छौ, वा केहि छौ, भन्छौ, "तिमीहरु सबै पूर्ण रूपले अधूरो छौ।" जब, यसले विलकुल प्रमाणित गर्छ कि एउटा मानिस जो अत्यन्त आत्मिक छ त्यो बेचैन हुन्छ, ऊ त्यस भित्र जाने अवस्थामा हुनुपर्दछ। त्यसैले त्यहाँ तपाई हुनुहुन्छ, हेर्नुहोस्, र परमेश्वरले वर्षौं देखि गर्न खोज्नुभएको कुरालाई मात्र लथालिंगो बनाउदै हुनुहुन्छ, र ठिक तिनीहरुको कार्यक्रमसंग फर्केर आउछन् र तिनीहरुको ठूला...

95 धेरै मानिसहरु भेला भएको देख्दा तिनीहरु उत्साहित हुन्छन्। भन्छन्, "यदि मैले ती सबैलाई एसेमब्लिज बनाउन सके त! यदि मैले ती सबैलाई वान्नेस! यदि मैले सबैलाई मेथोडिष्ट बनाउन सके त!" मेथोडिष्टले तिनीहरु सबैलाई मेथोडिष्ट बनाउन कोशिष गर्दैछन्, ब्याप्टिष्टले सबैलाई ब्याप्टिष्ट बनाउन कोशिष गर्दैछन्, पेन्टिकोष्टलले सबैलाई पेन्टिकोष्टल बनाउन कोशिष गर्दैछन्! ओ, तपाईले यसको बारेमा केहि पनि गर्नसक्नुहुन्न, परमेश्वरले तिनीहरुलाई संसारको उत्पत्ति हुनभन्दा अगाडिनै नियुक्त गर्नुभएको छ। हामीले सुसमाचार प्रचार गर्नुपर्दछ। त्यहि नै सबै हो। तर, हाम्रा ठूला कार्यक्रमहरु, हामीहरु त्यो आगो बिना नै गएका छौ। हामी टेढिएर गएका छौ र हामीले आफैलाई घरेलु आगो बनाएका छौ, जस्तो यो थियो।

96 र हाम्रो साम्यवाद, अहिले हामीहरु यति त्रसित छौ, साम्यवाद भित्र आएको छ, "के हुन गईरहेको छ?" तर, तपाईलाई थाहा छ, ठूला कुराहरु साम्यवाद होइनन्। मलाई तपाईप्रति यो भन्न दिनुहोस्, म साम्यवादबाट डराउदिन।

97 तर म केबाट डराएको छु, तपाई पेन्टिकोष्टलहरु, यो एक्युमेनिकल काउन्सिलले तपाईहरुलाई लिन जाँदैछ। त्यो कुरा हो। यो पशुको छाप बनाउन गईरहेको छ, र तपाई यस भित्र जान पर्ने हुनेछ। किनभने तपाई संस्थामा हुनुहुन्छ, तपाई कि त भित्र छिर्नुपर्छ वा त बाहिर निस्किनुपर्छ। त्यो कुरा हो, र कुनै राम्रो, समभ्रदार, आत्मिक मानिसले त्यो जान्दछ। हामीलाई अर्को समुन्द्रको गवाहि आवश्याक छ, हामी अब यो फेला पार्छौं। र हाम्रा पेन्टिकोष्टल, केवल यसलाई निलिरहेका छन्, अड्केर, रेखा र डुबाउने, "यो कति महान कुरा हुनेछ!" जब, मेथोडिष्ट, प्रेस्बिटेरियन, लूथरन, चर्च अफ क्राईष्ट, र पेन्टिकोष्टल, त्यहाँ भित्र हुनको

लागि, तपाईहरुले आफ्नो महान प्रेरितीय सिद्धान्तलाई इन्कार—इन्कार गर्नुपर्दछ। तिनीहरुले पनि उस्तै नै गर्नुपर्दछ। तपाईको त्यसभित्र गर्ने केहि पनि हुनेछैन। यो सबै रोमसंग एकिकरण हुदैछ, ठिक त्यसरी जुन प्रमाणित गरिएको छ। धर्मशास्त्रले त्यसरी भनेको छ।

98 प्रचारकहरुलाई के भएको छ जसले मानिसहरुलाई चेतवानी दिए बिना नै, यी कुराहरु यो अवस्थामा आउन दियो। परमेश्वरले तिनीहरुको हातमा चाहनुहुन्छ। ठिक यो समस्याको समयमा, तिनीहरु समस्यामा थिएँ, तिनीहरु थिएँ। साम्यवाद आईरहेको छैन; यो एक्युमेनिकल काउन्सिल हो जसले सबै झुण्डलाई निल्न गईरहेको छ। र याद गर्नुहोस्, जब तपाई भन्नुहुन्छ, "हुनेछैन..." यो हुन्छ, तब यो एकदमै ढिलो भईसक्छ। तपाईले पशुको छाप लिनुभयो। तब तपाई त्यसको हुनुहुन्छ।

99 तपाई त्यो ठाउँमा पुगिहालेको राम्रो जहाँ तपाई त्यसबाट अहिले नै निस्किन सक्नुहुन्छ, हो, महोदय, परमेश्वरको राज्यमा छाप लगाउनुहोस्। ख्रीष्टको शरीर रहस्यमय ख्रीष्टको शरीर हो, जो पवित्र आत्माद्वारा बप्तिष्मा भएको छ; त्यसमा सामेल गरिएको होइन, यसमा लगिएको होइन, यसमा बोलिएको होइन, यसमा अन्यभाषामा बोलिएको होइन, यसमा कराईएको होइन। तपाई यसमा जन्मनुभएको हो, पवित्रआत्माद्वारा। त्यो सहि हो। निश्चय पनि।

100 अब हामी यी कुराहरु ध्यान गर्छौं, समस्या सबै एकैचोटी आउछ। ओ, शैतानले हेर्यो र भन्यो, "अँ–ह, तिनीहरु आवेशमा टाढा गएका छन्, तिनीहरु बस त्यहाँ बाहिर माथि र तल उफ्रिदै, कराउदै, राम्रो समय बिताईरहेका छन्। के तपाईलाई थाहा छ, ठिक अहिले मेरो तिनीहरुलाई डुबाउने समय हो। म अब तिनीहरुसंग पनि पुग्नेछु।"

101 त्यसैले त्यो पहाड माथि उठ्यो र आफ्नो विषालु श्वास फुक्न थाल्यो, ह्यु: "आश्चर्यकर्मका दिनहरु बितिगएको छ। आखिर, म विश्वास गर्छु कि यी मानिसहरु केवल आत्तिएका छन्। मलाई लाग्छ कि तिनीहरुको वैदेशिक कार्य हुनुभन्दा पहिले तिनीहरुसंग एउटा—एउटा—एउटा मानसिक परिक्षण हुनुपर्छ।" पेन्टिकोष्टलहरु! अँ–ह। हेर्नुहोस् त्यसको विषालु श्वासले वचनलाई मारिरहेको छ, "ओ, म मलाई लाग्छ यो अरु केहि हो, म—म यो विश्वास गर्छु..." हेर्नुहोस्, ठिक सिधा पछाडि गईरहेको छ जस्तो बाकि रहेका संगठित मण्डलीहरुले गरेका थिए, त्यो ठिक त्यहि बाटो हो

जुन तिनीहरु हिडिरहेका छन्। तिनीहरुले, यसले यसलाई मार्छ। जुन घडी तपाईले यसलाई संस्थागत गर्नुहुन्छ, त्यसले यसलाई मार्छ। यो सधै यस्तै भएको छ। यो सधै यस्तै नै हुनेछ। यो फेरी कहिल्यै उठ्ने छैन। यो इतिहासमा कहिल्यै थाहा भएको छैन। यो लाउडिकियाको— मण्डलीको युगमा, ख्रीष्ट मण्डलीको बाहिर हुनुहुन्थ्यो, ढकढाक्याउदै, भित्र पस्न कोशिष गर्दै हुनुहुन्छ। र तिनीहरु केवल यसलाई सहन सक्दैनन्। तिनीहरुले यसलाई सुन्न सक्दैनन्। अब हामीले पाउँछौ, हामीहरु जिईरहेका घडीमा, समस्या शुरू भएको छ।

102 र त्यसपछि हामीले पाउन शुरू गर्छौ, आश्चर्य कर्महरु कत्ति पनि भएको छैन, जस्तो त्यो हुने गर्थ्यो। बिरामीहरु बिरामी नै घर फर्किन्छन्। यो परमेश्वरको कारणले होइन। यो मानिसहरुमा जागृतिको कमीको कारणले हो। त्यहाँ कुनै जागृति छैन। तिनीहरु—तिनीहरु बस्छन् र सुन्छन्; घर जान्छन्, भन्छन्, "ठिक छ, मलाई लाग्छ त्यो राम्रै थियो। अँ–ह।" हेर्नुहोस्, त्यहाँ त्यो जोश छैन। त्यहाँ मानिसमा केहि कुरा छैन जुन त्यहाँ हुनुपर्छ।

103 मलाई याद छ पन्ध्र वर्ष पहिले, यहाँ अर्कान्सासमा, जब त्यहाँ माथि जोनेसबोरोमा मेरो एउटा सानो सभा भईरहेको थियो, जब चालिस हजार मानिसहरुले यसमा उपस्थिति हुन कोशिष गर्दै थिए, लगभग पन्ध्र हजारको शहरको सभामा आउनको लागि। र तिनीहरुले कपासको ट्रकहरु र सबै कुरा तल राखे, र तिनीहरुको बिरामी बच्चाहरुलागि कागजहरु समाते, केवल भित्र पस्नको लागि। तिनीहरु आफ्नो कुर्सीमा बस्थे र छोड्दैन थिए, दिन र रात, र तिनीहरुको प्रियलाई गएर ह्यामबर्गर र एउटा—एउटा पपको बोतल लिन पठाउथे; र त्यहाँ बस्थे, दिन भित्र र दिन बाहिर, दिनदिनै। तिनीहरुको हृदयहरु आगोमा, ज्वलन्त थियो। केवल परमेश्वरले थोरै सानो कुरा गर्नुभयो, यसले तिनीहरुमा आगो लगाईदियो। र सयौजना भित्र आए।

104 उहाँ अझै पनि उही परमेश्वर हुनुहुन्छ, आज राति, जो उहाँ पन्ध्र वर्ष पहिले हुनुहुन्थ्यो। उहाँ अझै पनि उही परमेश्वर हुनुहुन्छ, आजराति, जो उहाँ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुँदा हुनुहुन्थ्यो।

105 तर यो के हो? हामीहरु सबै उत्तेजित भयौ र हाम्रा संस्थाहरु निर्माण गर्न चाह्यौ, *यो* निर्माण गर्न चाह्यौ, र *यो* निर्माण गर्न, र केहि महान र टल्किने बनाउन, जोनसेससंग, मेथोडिष्टसंग, ब्याप्टिष्टसंग, प्रेस्बिटेरियनसंग तुलना गर्न थाल्यौ। तपाई तिनीहरु मध्येको हुनुहुन्न। होइन, तपाई हुनुहुन्न। तिनीहरु

संगठित मण्डलीका मानिसहरु हुन्, जुन ठिकै छ, तिनीहरु विरुद्ध केहि पनि छैन। तिनीहरुको माझमा त्यहाँ धेरै राम्रा इसाईहरु छन्, तर तपाईले आफैलाई त्यो अविश्वासी समूहहरुसंग सम्बद्ध गर्नु हुदैन। "मानिसहरु जसले शक्तिलाई इन्कार गर्छन्," तपाईले तिनीहरुको पक्षा लिनुहुदैन।

106 तपाईलाई थाहा छ, यसको समस्या के हो भने, तपाईले मण्डलीमा हलिवूड ल्याउन खोज्दै हुनुहुन्छ। तपाईले प्रयास गरिरहन पर्ने कुरा हलिवूडलाई मण्डलीबाट बाहिर निकाल्नु पर्ने हो। बुझ्नुभयो? तपाईले आफ्नो भवनहरु यति सुन्दर नबनाउन खोज्दै हुनुहुन्छ, तपाईले आफ्नो संगठित मण्डलीलाई यति ठूलो बनाउने प्रयास गर्दै हुनुहुन्छ, तबसम्म कि यसले मानिसहरुको ध्यानआकर्षण गर्छ। हामीहरु तिनीहरु पट्टि जानसक्दैनौ। तिनीहरु चाहि हामी पट्टि हुनुपर्दछ। सबैकुरा टल्केको, याद गर्नुहोस्, हलिवूड संसारिकपनले टल्केको छ, जब कि सुसमाचार नम्रतामा चम्किन्छ। त्यहाँ टल्किने र चम्किनेमा सानो एउटा भिन्नता छ। सुसमाचार नम्रतामा, कोमलता, विनम्रता, र शक्तिमा चम्किन्छ। जब कि, हलिवूड टल्किन्छ, र सबैजना कराउदै र उफ्रिदै, यसमा जान्छ। बुझ्नुभयो? हामीलाई त्यो चाहिदैन।

107 हामीहरु यस्तो ज्योति बाँच्न चाहन्छौ। उहाँले भन्नुभयो, "तिमीहरु पृथ्वीका नुन हौ।" "यदि नुनले आफ्नो स्वाद गुमायो भने," त्यो सुसमाचारमा यसको बल हो। हामीसंग केहि कुरा हाम्रो मण्डलीहरुमा चलिरहेको हुनुपर्छ, त्यो मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, तिनीहरु सबै, आउन इच्छा गर्नेछन्। हामीहरु यति नुनिलो हुनुपर्छ! नुनले तिर्खा बनाउँछ, एउटा प्यास बनाउँछ। नुन स्वाद हो, यदि यसले सम्पर्क गर्छ भने। यो सम्पर्कमा हुनुपर्छ।

108 र हामीले पाउछौ, हाम्रा महान आवेशहरु मेथोडिष्ट र ब्याप्टिष्टसंग तुलना गर्ने कोशिष गर्छन्, ती ठूला भवनहरु र ठूला ठाउँहरु, र राम्रा शिक्षित मानिसहरु, र ठूला विद्यालयहरु र ठूला महाविद्यालयहरु, र त्यस्तैखालका सबैकुराहरु। हामीहरु एउटा आवेशमा बाटो तर्किएर गएका छौ, र यहाँ समस्या भित्रिएको छ।

109 र आत्मिक मनले चारैतिर हेर्छ र भन्छ, "यहाँ, यहाँ एक मिनेट पर्खनुहोस्, के हामी सबैले त्यो एक्युमेनिकल काउन्सिल लिनुपर्नेछ? के हाम्रा सबै समूहहरु यसमा जानेछन्?" पक्कै पनि, तपाईहरु जाँदै हुनुहुन्छ।

त्यो एकदम हो। तपाई ध्यान दिनुहोस् र हेर्नुहोस् कतै गर्नुहुन्छ या गर्नुहुन्न भनि। बाईबलले भनेको छ तपाईले गर्नुहुनेछ, ठिक हो, र ख्रीष्ट बाहिरपट्टि हुनुहुनेछ। पपले गर्नुभन्दा अगाडि चन्द्रमा आफै कालो भयो (पहिलो जुन रोममा गएको थियो), अर्को रात, तपाईलाई स्वर्गमा एउटा चिन्ह देखाउदै थियो। अप्रत्याशित, यो भयो। कसरी परमेश्वरले यस दिनमा गरिरहनुभएको छ, अचम्म!

110 त्यसपछि यो अन्धकारको भयानक घडीमा, जब तिनीहरु त्यहाँ थिए, बतास आउँछ। बाँच्ने सबै आशाहरु समाप्त भयो। अब तपाई के गर्न जानुहुनेछ यदि तपाईको संगठित मण्डली एक्युमेनिकल काउन्सिलमा जान्छ भने? त्यसबेला के हुन जानेछ ती सबै हाम्रा महान कुराहरु जुन हामीले यहाँ यस पृथ्वीमा निर्माण गरेका छौ, अन्तिम आशा पनि सिद्धियो?

111 तर तपाईलाई थाहा छ, जब तिनीहरु चिच्याउन लाग्दै थिए, र सबै आशा रहेन, तिनीहरु बचाईना सकेन; र अचानक, तिनीहरुले उहाँलाई आउदै गर्नुभएको देखे, पानीमा हिडिरहनुभएको। अन्धकारको घडीमा, उहाँ आउनुभयो, भित्र हिड्दै।

112 तपाईलाई थाहा छ? जब उहाँले तिनीहरुलाई छोड्नुभएको थियो, उहाँलाई थाहा थियो कि त्यो घटना हुनेवाला छ, त्यसैले उहाँ त्यस भूमिमा भएको सबैभन्दा अग्लो डाँडामा चढ्नुभयो। जति उच्चमा तपाई जानुहुन्छ, त्यति टाढा तपाईले देख्न सक्नुहुन्छ। र उहाँ माथि चढ्नुभयो ताकी उहाँले तिनीहरुलाई देख्न सकेको होस्, तपाईलाई थाहा छ।

113 र यो आउदै छ भनि उहाँलाई थाहा थियो। उहाँले यो दिन यहाँ हुनेछ भनि भविष्यवाणी गर्नुभएको थियो। "सोदोमको दिनमा जस्तै, मानिसको पुत्रको आगमनमा पनि त्यस्तै नै हुनेछ, जब मानिसको पुत्र प्रकट हुनेछ।" त्यसपछि, पुत्र प्रकट हुनपर्दछ। यो दुष्ट र व्यभिचारी पुस्ताले एउटा चिन्ह खोज्ने छ। तिनीहरुमा एउटा चिन्ह हुनेछ। तिनीहरुले यो इन्कार गर्नेछन् जस्तो तिनीहरुले त्यो समयमा पनि गरेका थिए, तर यो पुनरुत्थानको चिन्ह हुनेछ। उहाँ अझै पनि जीवित हुनुहुन्छ, पहिले गरेको जस्तै कार्य गरिरहनुभएको छ।

114 हामीले पाउछौ, कि यो महान घडीमा, ती चेलाहरु सबै संकटमा थिए, उहाँ माथि चढ्नुभयो ताकी उहाँले तिनीहरुलाई हेर्न सक्नुहुनेछ। उहाँ त्यहाँ माथि एउटा डाँडामा तिनीहरुलाई हेर्दै, बसिरहनु भएको थियो।

115 र अब यो पटक उहाँ एउटा डाँडामा चढ्नुभएन, तर उहाँ चिहानबाट माथि चढ्नुभयो, हावाबाट भएर माथि, चन्द्रमा, ताराहरु माथि, यति माथिसम्म जानुभयो कि उहाँले स्वर्गलाई तल हेर्नुपर्यो। र त्यहाँ उहाँ बस्नुहुन्छ, माथि उच्चमा। अब उहाँको आँखा भँगेरामा छ, र मलाई थाहा छ उहाँले हामीलाई हेरिरहनुभएको छ। उहाँले हेरिरहनुभएको छ।

116 र ठिक यहाँ अन्धकारको घडीमा, जब मण्डलीहरु सबै ठूला कार्यक्रमहरुमा गएका छन्, र तिनीहरुसंग *यो* कार्यक्रम छ र *त्यो* कार्यक्रम छ, सबै कार्यक्रममा छन् जस्तो बाकि रहेका मण्डलीहरु, र संगठित संस्थाहरु छ। र के भयो? अन्धकारको घडीमा, जब वास्तविक आत्माले–भरिएको मानिसहरु अचम्ममा हुन्छन्, "के हुन गईरहेको छ? मेरा बच्चाहरुलाई हेर!" मानिसले भन्छ, "मेरी श्रीमतीलाई हेर! *यसलाई* हेर!"

117 र तिनीहरुले आईतबारे, वा बुधबारे रातको प्रार्थना सभा, चाँडै नै हुन दिन्छन्, ताकी तिनीहरु गएर टेलिभिजनमा *वि लभ सुसी*, वा केहि त्यस्तै, हेर्न पाउँछन्। "परमेश्वरको भन्दा, संसारको प्रेमी हुनेछन्।" तिनीहरु जस्तै व्यवहार गर्छन्।

118 मैले अर्को दिन एउटा महिलालाई भने, उनी आफ्नो कपडामा यति कसिलो लगाएकि थिईन्। मैले भने, "बहिनी, त्यो लुगा एकदम कसिलो छ। मैले तपाईलाई त्यो भन्दा राम्रो त नसुनिएला, तर यो छ। तपाई एक इसाई हुनुहुन्छ, र तपाईले एउटा ठेस लाग्ने बाधा बनाउनुहुनेछ।"

119 उनले भनिन्, "भाई ब्रन्हाम, तपाईलाई थाहा छ?" उनले भनिन्, "यो मात्रै खालका तिनीहरुले बनाउछन्।"

120 मैले भने, "तिनीहरुले अझै पनि समानहरु बेच्छन्, र तिनीहरुसंग सिलाई यन्त्रहरु छन्। त्यहाँ कुनै बहाना नै छैन।" हो।

121 सुन्नुहोस्, म तपाईलाई केहिकुरा भन्छु, मेरा प्रिय मित्र। तपाईलाई टिपेको होइन। होइन, श्रीमान। म तपाईहरुलाई पिडाबाट जोगाउन खोज्दै छु। जति लामो त्यो आत्मा तपाईभित्र छ, तपाईले यो गर्न जानुहुनेछ। त्यो सहि हो। तपाई यसबाट जन्मनुपर्छ। अब तपाईले त्यो अभिव्यक्तिमा आफैलाई राख्न सक्नुहुन्छ, तर म तपाईलाई केहि कुरा भन्छु, हेर्नुहोस्, "जे तपाईको हृदय छ, त्यहाँ तपाईको सम्पति पनि छ।"

122 म तपाईलाई भन्छु। तपाई आफ्नो श्रीमान प्रति एउटा लिली फूल जत्तिकै शुद्ध हुनुहुन्छ होला, र तपाई लिली फूल जत्तिकै सफा हुनुहुन्छ,

जवान युवती, आफ्ना केटा मित्र प्रति, तर कुनै दिन परमेश्वरले तपाईलाई व्यभिचारको जवाफ दिनुहुनेछ। तपाईले त्यसरी लुगा लगाउनुभयो भने तपाई दोषी हुनुहुन्छ। येशूले भन्नुभयो, "कसैले एउटा स्त्रीलाई अभिलाषाको दृष्टिले हेर्छ भने, त्यसले आफ्नो हृदयमा पहिले नै उनीसंग व्यभिचार गरेको छ।" र जब त्यो मानिसले जवाफ दिनुपर्दछ, त्यो पापी, तपाईलाई हेरेकोमा, व्यभिचार गरेकोमा, कसले त्यसलाई प्रस्तूत गर्यो? यो सोच्नुहोस्। तपाई पेन्टिकोष्टल महिलाहरु, धिक्कार छ! बुझ्नुभयो? धिक्कार छ तपाईलाई!

123 म तपाईलाई प्रेम गर्छु, यहि कारणले गर्दा मैले भनेको हुँ। प्रेम सुधारात्मक हुन्छ।

124 हामीहरु एउटा ठूलो आवेशमा छौ, एउटा ठूलो लुगाको आवेशमा। यो यस्तो हो, र संसारको भेषभूसाको शैलीमा। उहाँले भन्नुभयो, "संसारलाई प्रेम नगर, न त संसारका थोकहरुलाई; यदि तिमीले गर्छौ भने, परमेश्वरको प्रेम समेत तिमीमा छैन," तपाई कति अन्यभाषामा बोल्नुहुन्छ, माथि र तल उफ्रिनुहुन्छ, नाच्नुहुन्छ, केश काट्नुहुन्छ, त्यस्तो खालको लुगा लगाउनुहुन्छ त्यो कुरा मलाई मतलब छैन। तपाई पुरुषहरुले यो अनुमति दिनुहुन्छ। तपाईको आफ्नै फलले तपाई कहाँ हुनुहुन्छ भन्दछ। त्यो एकदम सहि हो। हामी यस्तो अराजकतामा छौ भन्ने कुरामा कुनै आश्चर्य छैन, र साम्यवादको हावाहरु, चर्चवादको हावाहरु, एक्युमनिकल संगठनको हावाहरु!

125 यो एउटा—यो एउटा मिल्ने समय हो, एकताबद्ध हुने समय हो। संघहरुले श्रमिकलाई एकताबद्ध गर्दै छन्, त्यसमा गडबड गर्दैछन्। राष्ट्रहरुसंग—संयुक्त राष्ट्र संघ छ, तिनीहरु एकताबद्ध हुदैछन्। मण्डलीहरु संगै एकताबद्ध हुदैछन्। यो सबैले के देखाउदैछ? यसले ख्रीष्ट र दुलही एकताबद्ध हुने तयारी गरिरहेको देखाउदछ। त्यो नै यसले बोलिरहेको छ। यी सबै छाँयाहरुले सकारात्मक आउँदैछ भनि देखाईरहेको छ। हामीले बन्द गर्दै गर्दा हेर्नुहोस्, किनकि म धेरै ढिलो हुँदैछु।

126 र अब ध्यान दिनुहोस्, त्यो महान घडीमा जब सबै आशाहरु सिद्धिसकेको थियो, बाँच्नको लागि, तिनीहरुले कोहि आउँदै गरेको देखे, पानीमा हिडिरहेको, माथि हिडिरहेको। र कुरा, दुखद पक्ष, ध्यान दिएर सुन्नुहोस्, तिनीहरुलाई मदत गर्नसक्ने एक मात्र कुराबाट, तिनीहरु डराए। तिनीहरुले भने, "यो भूत जस्तो देखिन्छ। शायद, तपाईलाई थाहा छ,

एउटा आत्मा हो।"

127 यदि त्यो फेरी भएको थिएन भने! तिनीहरु यसबाट डराउँछन्। तिनीहरु भाग्य बताउनेसंग डराउँछन्, तिनीहरु कुनै प्रकारको एउटा शैतानी शक्तिसंग डराउँछन्; जब येशूले यस दिनमा यो हुनेछ भन्नुभयो। एक मात्र कुरा जसले तिनीहरुलाई मदत गर्नसक्छ त्यो येशू ख्रीष्ट हुनुहुन्छ। अर्को संगठित मण्डलीले होइन, तिनीहरुसबै एकसाथ भएर होइन; त्यसले त पहिलेको भन्दा पनि खराब बनाउनेछ। एक मात्र कुरा जसले तपाईलाई मदत गर्न सक्छ त्यो येशू ख्रीष्ट हो।

128 र जब उहाँले अन्तिम दिनहरुमा फर्कने प्रतिज्ञा गर्नुभयो, यो रूपमा, र यो गर्नुहुन्छ, प्रतिज्ञा गर्दै (ठिक त्यस्तै जस्तो प्रतिज्ञा गरिएको पुत्र अब्राहामकहाँ आयो, पहिलो बीउ) अब्राहामको राजकीय सन्तान, येशूले... भन्नुभयो उही कुरा देखिनेछ। प्रतिज्ञाको पुत्रभन्दा अगाडि, परमेश्वर आफूलाई शरीरमा प्रकट गर्नुहुनेछ र येशूले गर्नुभएको जस्तै गर्नुहुन्छ, जस्तो उहाँले गर्नेछु भनि भन्नुभएको छ, जस्तो अन्तिम दिनहरुमा गरिनेछ भनि भन्नु भएको छ। र यहाँ ती सबै प्रतिज्ञाहरु, जुन हामीले त्यसलाई राख्न सक्छौ, दर्जनौमा, ठिक यहाँ तपाईको अगाडि, जुन घटना हुन पर्नेछ।

129 र मण्डलीहरु, जो खुला अँगालोसहित हुन पर्ने, यो प्राप्त गर्नको लागि, "म त्यसबाट अलिकति डराएको छु। यो हाम्रो समूहसंग सम्बन्धित होइन, हेर्नुहोस्।" र तिनीहरु यसबाट भयभित छन्। तिनीहरुलाई ख्रीष्टमा ल्याउन सक्ने एकमात्र कुरा, ख्रीष्ट आफै नै हुनुहुन्छ, र तिनीहरु यो डर लाग्दो छ भनि डराएका छन्। "ओ, मलाई थाहा छैन। त्यो भूत हुनसक्छ, तपाई देख्नुहुन्छ। र मलाई यसको बारेमा केहि थाहा छैन।" तिनीहरुलाई मदत गर्न सक्ने एक मात्र कुराबाट तिनीहरु डराएका छन्।

130 र संकटको त्यो अन्धकारको घडीमा, ती चुनिएका मण्डली, त्यो समूह त्यहाँ बाहिर बसिरहेको छ, यो डर लाग्दो हुनसक्छ भन्ने डरमा, तिनीहरुले यो संग केहि सम्बन्ध नै राख्न चाहदैनन्। तब त्यो मिठो आवाज आउछ, "नडराऊ। यो म हुँ।"

131 उहाँ वचन हुनुहुन्छ, होइन र? उहाँ कहिल्यै बदलिनुहुन्न, वचन हुनको लागि। अब के तपाईले वचनले भनेको सुन्नुहुन्छ, आजराति, "उहाँ हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ। नडराऊ; यो म हुँ।"?

आउनुहोस् हाम्रो शिरहरु झुकाऔ।

132 स्वर्गीय पिता, साँझ—गर्मी छ। घडीहरु अन्धकार छ, कसरी आगो वेदीबाट बाहिर गएको छ। तपाई मैदानभरि बटुल्दै हुनुहुन्छ। तपाईले भन्नुभयो, “स्वर्गको राज्य जाल लिएर समुन्द्रमा गएको मानिस जस्तै हो, यसलाई फ्याँक्छ, र जब उसले यसलाई ल्याउछ। राज्य यस्तै नै थियो।” प्रभु परमेश्वर, कुनै दिन त्यो अन्तिम माछा जुन पानी भित्र छ! तपाईले भन्नुभयो, “तिनीहरुले सबै किसिमका लिए।” त्यो सुसमाचारको जालोले सबै किसिमको समात्छ; यसले कछुवा, ऋफिस, माकुरा, सर्प, स्क्याभेन्ज फिस समात्छ। यसले के समात्छ हामीलाई त्यो थाहा छैन, तर त्यहाँ कुनै माछा छ जसको पछाडि तपाई लागि रहनुभएको छ। तपाई नै एक हुनुहुन्छ जो न्यायकर्ता हुनुहुन्छ। तर हामी बुझ्छौ, चाँडै नै कछुवा, ऋफिस, र सबै, चाँडै माटोमा फर्किन्छन्, पानीमा जान्छन्। तर कुनै दिन त्यो अन्तिम माछा जो नियुक्त गरिएको थियो, आउनको लागि पूर्वनिर्धारित थियो, शरीरको त्यो अन्तिम अंग, तालबाट निकालिनेछ।

133 तपाईले लूथर, र वेस्ली, एलेक्जेन्डर क्याम्पबेल, जोन स्मिथ, क्याल्भिन, नक्स, फिन्ने, स्यान्की, अन्य त्यस्तैका दिनहरुमा एउटा जालो फ्याँक्नुभयो; पेन्टिकोष्टल युगमा, एफ.एफ. बोस्वोर्थका दिनहरु, र फ्रोचमन, ती महान मानिसहरु। तपाईले जाल फ्याँक्नुभयो, बिल्ली सन्डेको दिनहरुमा, तल युग देखि।

134 र अहिले तपाई अझै पनि समुन्द्रबाट भएर घुम्दै हुनुहुन्छ। के यहाँ ती मध्ये एउटा बसिरहेको छ, प्रभु? यदि यो छ भने, तिनीहरु इनारमा भएकि सानी महिला जस्तो भएका होउन्। उनको वेश्याको स्थितिमा पनि, उनले अझै पनि तपाई मसिह हुनुहुन्छ भनि चिने। उनले त्यो चिन्ह देखिन्। त्यो नै थियो। उनले भनिन्, “म जान्दछु कि तपाई एउटा अगमवक्ता हुनुहुन्छ।” यो मसिह हुनसक्छ भन्ने कुनै ज्ञान उनमा थिएन। उनले भनिन्, “हामीले एउटा मसिहलाई हेरिरहेका छौ,” अर्को शब्दहरुमा। “तपाईलाई थाहा छ जब मसिह आउनुहुन्छ, उहाँले हामीलाई यी कुराहरु बताउनुहुनेछ।” र तपाईले भन्नुभयो, “म उही हुँ।” त्यो नै थियो।

135 अब, आजराति, प्रभु, तिनीहरुलाई यो देख्न दिनुहोस्, “यो म हुँ; नडराऊ। यो मेरो प्रतिज्ञा हो।” बिरामीलाई निको पार्नुहोस्, प्रभु, हराएकालाई बचाउनुहोस्, रित्तोलाई भर्नुहोस्।

136 हामी बाहिर गएर, हाम्रा हृदयहरुमा भन्न सकौं, जब हामी टाढा जान्छौ,

तिनीहरु जस्तै जो इम्माउसबाट आएका थिए, "आज राति भवनमा, उहाँको दिव्य उपस्थितिमा उहाँले हामीलाई सेवा दिनुहुँदा हाम्रो हृदय हामी भित्र जलेको छैन!" कसरी तिनीहरुले थाहा पाए कि यो तपाई हुनुहुन्थ्यो भनि, तिनीहरुले तपाईलाई भित्र निमंत्रणा दिए र तिनीहरुको आँखा खुलियो। हामीहरु प्रत्येकले, आजराति, तपाईलाई भित्र निमंत्रणा गर्न सकेका होऔं। यदि हामीले यो बुझ्दैनौ भने, जसरी पनि, हामीले तपाईलाई भित्र निमंत्रणा गर्न सकेका होऔं। त्यो मात्रै एक तरिका हो जुन तपाईले आफैलाई प्रकट गर्न सक्नुहुन्छ।

137 र हामीले तपाईको पुनरुत्थान पछि तपाईले आफूलाई प्रकट गर्नुभएको तरिकालाई ध्यान दिएका छौ, तपाईले आफू क्रूसमा चढ्नुभन्दा पहिले उही तरिकामा केहि कुरा गर्नुभयो। अब आजराति आउनुहोस्, प्रभु, तपाईले भन्नुभएको थियो कि तपाई "हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ।" फेरी पनि गर्नुहोस्, हाम्रो लागि, जस्तो तपाईले ती दिनहरुमा गर्नुभएको थियो जब तपाई शरीरमा, यस पृथ्वीमा खडा हुनुहुन्थ्यो। हामीहरु घर जानेछौ, हल्का मनका साथ, तिनीहरु जस्तै गरि। येशूको नाममा हामी प्रार्थना गर्छौं। आमेन।

138 अब सेवामा, आजराति, मलाई थाहा छ कि यो एकदमै न्यानो छ, र समयमा बाहिर निस्किनको लागि हामीसंग बिस मिनेट बाकि छ। [टेपमा रिक्त स्थान—सम्पा।] म...

139 मैले गर्ने कामहरुलाई म रोक्न वा अवरोध गर्न सक्दिन। म केहि कुराले संचालित छु, म सधै भएको छु, मेरो सम्पूर्ण जीवन भरि, र यो सधै सहि भएको छ। यसले मलाई बाईबलमा भएको कुरा भन्दा अरु केहि पनि भनेको छैन। मैले यो रोक्न सक्दिन। मैले यसको बारेमा केहि पनि गर्नसक्दिन। यसले केवल गर्छ, जसरी पनि। र म पक्का छु, यदि म आज्ञाकारी छु भने, त्यहाँ कोहि छ जसलाई यो आवश्यक छ। र म विश्वासयोग्य हुनेछु। र त्यस दिनमा, म चाहन्छु, जस्तो महान सन्त पावलले भनेका थिए, "कुनै मानिसको रगत मेरो हातमा छैन।" हँ–अँ। म—म तपाईलाई सत्य भन्न चाहन्छु। म जस्तो छैन...म तपाईलाई प्रेम गर्छु।

140 र यदि तपाईसंग एउटा सानो केटा छ भने...अब यसको बारेमा सोच्नुहोस्, महिला, तपाई जसलाई मैले केहि समय अगाडि गाली गरेको थिए, तपाई दिदीबहिनीहरु जो छोटो कपाल र त्यस्ता चिजहरुमा हुनुहुन्छ।

यदि म...यदि तपाईसंग सानो केटा बाहिर बाटोमा बसिरहेको छ भने, र तपाईले भन्नुभयो, “बाबु, प्रिय, तिमी भित्र आउनु राम्रो हुन्छ, प्रिय। यो हुनसक्छ, मलाई थाहा छैन, तिनीहरुले सम्भवतः तपाईलाई दिक्क पार्न सक्छ।” तपाईले त्यो बच्चालाई प्रेम गर्नुहुन्न। त्यो सहि हो। तपाई त्यहाँ बाहिर निस्किनुहुन्छ र सक्केको गर्नुहुन्छ, वा उसलाई भित्र आउने बनाउनुहुन्छ। त्यो सहि हो। तपाईले उसलाई प्रेम गर्नुहुन्छ।

141 त्यहि तरिकामा सुसमाचार छ। परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ। “र उहाँले प्रेम गरेकाहरु जतिलाई, हरेक बच्चा जो उहाँमा आउँछन् उहाँले हप्काउनुहुन्छ र ताडना दिनुहुन्छ।” यदि तपाईले ताडनालाई सहन गर्न सक्नुहुन्न भने, तपाई दूर जानुहुन्छ र यो विषयमा रिसाउनुहुन्छ, तब तपाई नाजायज सन्तान हो, तपाई परमेश्वरको बच्चा हुनुहुन्न। त्यसैले केवल याद गर्नुहोस्, यो केवल धर्मशास्त्र हो।

142 अब उहाँबाट को एउटा वचन, एउटा वचन, मैले भन्न सक्नेभन्दा बढि अर्थ हुन्छ, दस लाख जीवनसमय भरि। यो उहाँ हुनुहुन्छ। हामीलाई उहाँको प्रतिज्ञा थाहा छ। उहाँले के गर्छु भनि प्रतिज्ञा गर्नुभएको छ त्यो हामी जान्दछौ। अब मलाई थाहा छैन चाहे...कहिँ...हामीले...

143 के उहाँले फेरी कार्ड दिनुभयो? के तपाईले आज कार्ड दिनुभयो? यो के थियो? जे, ठिक छ। ठिक छ, समय बचाउनको लागि, एक अंकबाट शुरू गरौ। अब, तिनीहरु सम्भवतः भवनभरि छन् होला। जे, अंक एक।

144 र अब हामीले केहि विचरण पाएका छौ। हामीले शुरू गरेका थियौ, एक समय, *यो* एउटाबाट, समयसंगै, कुनै पछाडि र अगाडि, र चारैतिर, तर हामीले त्यसलाई केहि अनियमितता पाएका छौ। तर प्रत्येक मानिस जो भित्र आउछ, हरेक दिन, उसमा पंक्तिमा आउने मौका हुन्छ। त्यसको अर्थ यो होइन कि तपाई यहाँ हुनुहुन्छ...

145 कतिजनालाई थाहा छ, यस सभामा, दर्शक माझ झन्डै दोब्बर निको भईसकेका छन्, जसरी त्यहाँ माथि यहाँ निको भएको थियो? पक्कै पनि, तपाईलाई यो थाहा छ। हेर्नुहोस्, प्रार्थनाको कार्डले मात्रै मानिसहरुलाई यहाँ माथि ल्याउँछ, तिनीहरुको माझमा पवित्र आत्मा पाउनुहोस्, जसरी तपाई त्यसो गर्ने बानी बसाल्नुहोस्। हामीलाई यो अहिले नै हुनुपर्छ भन्ने छैन। हामीले प्रार्थना कार्डहरु छोड्न सक्छौ।

146 हामीले गत राति गरे जस्तै, गत राति हामीले प्रार्थना कार्डहरु पाएनौ।

पवित्र आत्मा तिनीहरु बीचमा जानुभयो जसमा प्रार्थनाको कार्डहरु थिएन। र मैले धेरै कुराहरु देखे जसको बारेमा मैले केहि बोलिन, किनकि त्यस्तो हो या होइन भन्ने मलाई थाहा थिएन। यो अझै पनि तिनीहरु माथि अँध्यारो रहेको छ, र मैले केवल एक्लै छोडिदिए। मलाई थाहा भएन। तिनीहरुलाई बोलाएर कुनै लाभ हुनेवाला थिएन। जे पनि उहाँले भन्नुहुन्छ त्यो सहि हो, त्यसैले उहाँले के भन्नुहुन्छ सुन्नुहोस्।

147 अब के तपाईले त्यो जे थियो भन्नुभएको? जे, नम्बर एक? जे, नम्बर एक। कोसंग प्रार्थनाको कार्ड छ? आफ्नो हातहरु उठाउनुहोस्। तपाई गलत हुनुपर्छ, छोरा; केहि हुनुपर्छ…ओ, म क्षमाप्रार्थी छु। ओ, पछाडिको पर्खाल विरुद्ध बाटोमा। यहाँ माथि आउनुहोस्, महिला। तिनीहरु—तिनीहरुले अब यी कार्डहरु तल ल्याउन्छन्, केटा, भाई बोर्डर्स वा बिल्ली, एक, कुनै बेला दुवैजना, तपाईको अगाडि ती कार्डहरु मिसाउछन्, र त्यसपछि तपाईलाई तपाईको कार्ड दिन्छन्, जे पनि तपाई चाहनुहुन्छ। हामीलाई थाहा छैन, तिनीहरु केवल…*यो* एकजनाले नम्बर पाँच पाउन सक्नुहुन्छ, र *त्यो* एकजनाले नम्बर सात पाउन सक्नुहुन्छ, *यो* एउटाले पन्ध्र नम्बर पाउँछ, र *त्यो* एउटाले पन्चा नब्बे, र हामीलाई थाहा छैन। र त्यसपछि, फेरी, जब म आउछु, म केवल, जहाँकहिँ पनि यो मेरो हृदयमा रहन्छ, म त्यहाँबाट बोलाउछु, चाहे त्यो जहाँ भए पनि। म केवल…यदि मैले भन्छु… कहिलेकाहि म पंक्तिमा कति छन् गणना गर्छु, र यो पंक्तिमा भएकाहरुबाट विभाजन गर्छु र जवाफ पाउछु। बुझ्नुभयो? र त्यसपछि, यदि मैले गर्दिन भने, म केवल…मेरो दिमागमा जे पहिले आउछ, म बोलाउछु।

148 नम्बर एक। जे, नम्बर दुई। नम्बर दुई, नम्बर तीन, नम्बर चार, नम्बर पाँच, नम्बर छ, सात, आठ, नौ, दश, तिनीहरुलाई आउन दिनुहोस्, बुझ्नुभयो। एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश। त्यो सहि हो। त्यो बाटो हो, आउनुहोस्…पर्खनुहोस्, एउटा अर्को बाटो जानुभयो। म…एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ। त्यो सहि हो। अब, यहाँ, यो यहाँ छ, दश। ठिक छ।

149 एघार, बाह्र, तेह्र, चौध, पन्ध्र। त्यो थप पाँच हो। एक, दुई, तिन, चार, पाँच। राम्रो, त्यो राम्रो छ।

150 सोह्र, सत्र, अठार, उन्नाईस, बीस। एक, दुई, तिन, चार। म केवल चार मात्रै देख्छु। बीस, के बीसले जवाफ दियो? ठिक छ। अब, हामी धेरै जना

एकैपटक उभिरहेको चाहदैनौ। यदि अब यी सबैबाट भएर हामी जान्छौ भने, र यो धेरै चाडो छ, हामी केहि थपको लागि जानेछौ। हामी बोलाउदैनौ... शायद हामी...

151 आउनुहोस् केहि थपलाई प्रयास गरौँ। थप पाँचओटाले प्रयास गरौँ। एक्काईस देखि पच्चीससम्म, जे हरुमा, यदि तपाई चाहनुहुन्छ भने उहाँलाई उभिन दिनुहोस्। एक्काईस देखि पच्चीससम्म। एक, दुई, तीन, पछाडि फर्केर, चार। एक, दुई, तीन, चार, त्यो पाँच हो। ठिक छ, अब त्यहि नै रोकौ। पंक्तिमा पच्चीस छन्, र तिनीहरु—तिनीहरु तल लामबद्ध भएका छन्।

152 अब म तपाईलाई एउटा मदत माग्न जाँदैछु। के तपाई मलाई आफ्नो अविभाजित दिनुहुन्छ...परमेश्वरलाई तपाईको अविभाजित ध्यान दिनुहोस्, आउदो पन्ध्र, सोह्र मिनेटसम्म। के तपाई त्यो गर्नुहुनेछ? र के तपाई यो गर्नुहुन्छ, आफ्नो हृदय खोल्नुहोस्? अब मैले के भनेको छु याद गर्नुहोस्। पुरानो भनाई जस्तै, यसलाई तपाईको पीठमा जान नदिनुहोस्, जसरी एउटा हाँसको पछाडि पानि खस्छ। त्यसो नगर्नुहोस्। यसलाई विचार गर्नुहोस्।

153 यदि मैले तपाईलाई कुनै कुरा भने जुन धर्मशास्त्रमा छैन, र यस घडीको लागि एउटा प्रतिज्ञा, तपाई प्रबन्धकलाई भेट्न र मलाई यस बारे बताउन दायित्वबद्ध हुनुहुन्छ। त्यो सहि हो। मैले—मैले वचनमा भएको बाहेक अरु केहि सिकाउदिन। र यदि म त्यो वचनसंग सहि रहन्छु, र यदि मैले यो तरिकामा हो भन्छु भने, र परमेश्वर...यो बाईबलमा छ। यदि परमप्रभुको स्वर्गदूत मलाई बाईबलमा नभएको कुरा बताउनुभयो भने, त्यो प्रभुको स्वर्गदूत हुनेछैन। त्यो सहि हो। उहाँले कहिल्यै पनि त्यो वचनमा भएको बाहेक अरु कुनै कुरा भन्नुभएन, र तपाई मेरो साक्षी हुनुहुन्छ। उहाँले एउटा पनि कुरा भन्नुभएको छैन, लाखौ हजारौ, संसारका भाषाहरु, के उहाँले एक पटक पनि केहि गलत भन्नुभएको छ, वा कुनै कुरा भन्नुभयो जुन पूरा हुन आएको छैन।

154 सुन्नुहोस्। प्रबन्धक र यहाँ तिनीहरुलाई सोध्नुहोस्। यो तपाई सबैले यहाँ देख्नुभएको छ, यो शौकियाको पक्ष हो। के यो सहि हो, भाईहरु? [भाईहरुले भन्छन्, "सहि हो।"—सम्पा।] किन, त्यहाँ बाहिर, र बाहिर निजी जीवनमा, जहाँ उहाँले भन्नुहुन्छ, "*यो* ठाउँमा तल जानुहोस्, र *यो* हेर्नुहोस्। र *यो* हुन आउनेछ। र *यहाँनिर* यो हेर्नुहोस्, तल *यहाँ।*" यो केवल निरन्तर हो, हरेक समयमा, हेर्नुहोस्, बर्षै पिच्छे। दर्शकमा रहेका

मानिसहरुले केवल साना—कुराहरु देख्छन्। तर अब तपाई आदरपूर्वक रहनुहुन्छ।

155 अब के सबैजना यहाँ प्रार्थनाको पंक्तिमा, उभिरहनुभएकाहरु, मेरो लागि अपरिचित हुनुहुन्छ? यदि तपाई हुनुहुन्छ भने आफ्ना हातहरु उठाउनुहोस्। ठिक छ। कतिजना त्यहाँ बाहिर हुनुहुन्छ, जसलाई मैले तपाईको बारेमा केहि पनि जान्दिन भन्ने कुरा थाहा छ? आफ्नो हात उठाउनुहोस्। अब जब... तपाईलाई धन्यवाद। तपाई कहाँ हुनुहुन्छ त्यसले मलाई केहि फरक पार्दैन, यदि तपाई माथि बालकनिमा हुनुहुन्छ भने, पछाडि पर्खालको विरुद्धमा हुनहुन्छ, *यहाँबाट* तल, जहाँकहिँ पनि तपाई हुनुहुन्छ। म जाँदैछु...

156 अब, यो तपाईको भलाईको लागि हो। यो तपाईको फाईदाको लागि हो। बुझ्नुभयो, यो तपाईको फाईदाको लागि हो।

157 मैले सोचे कि त्यो मेरो सानो नाति थियो जो त्यसबेलामा मसंग बोलिरहेको थियो, तर यो थिएन। मेरो सानो नाति यता कतै छ, आजराति, ऊ लगभग त्यो आकारको छ, र यो सानो पल हो भनि मैले सोचे। उसले सधै भनेको थियो कि ऊ आउनेवाला छ, मंचमा उभिन्छ, मेरो लागि प्रचार गर्नेछ, र ऊ लगभग दुई वर्षको पनि भएको छैन। मलाई लाग्छ त्यो सानो केटा आफ्नो आमालाई खोजिरहेको छ।

158 त्यसैले म सम्झना गर्छु, म तपाईहरुलाई मदत गर्न खोज्दै छु। म... परमेश्वरले त्यो जान्नुहुन्छ। म तपाईलाई मदत गर्न खोज्दैछु, बुझ्नुभयो। अब हेर्नुहोस्, तपाईले फाईदा लिएको म चाहन्छु, यदि उहाँ हामी बीच आउनुहुन्छ भने।

159 अब यसको बारेमा सोच्नुहोस्, येशू ख्रीष्टको व्यक्ति शरीरमा काम गरिरहेको, जस्तो उहाँले अन्तिम दिनमा गर्नुहुनेछ भनि प्रतिज्ञा गर्नुभएको थियो। उहाँले त्यो प्रतिज्ञा गर्नुभयो भन्ने कुरा कतिजनालाई थाहा छ? जस्तो यो तल सोदोममा भएको थियो, जब स्वर्गदूतले आफ्नो पिठ फर्काएर, र...त्यो परमेश्वर हुनुहुन्थ्यो। के तपाई विश्वास गर्नुहुन्छ उहाँ परमेश्वर हुनुहुन्थ्यो भनि? त्यो परमेश्वर हुनुहुन्थ्यो भनि कतिजनाले विश्वास गर्नुहुन्छ? ["आमेन।"] पक्कै पनि, यो थियो। बाईबलले यो थियो भनेको छ। र उहाँ, येशूले, यसलाई उल्लेख गर्नुभयो। अब ध्यान दिनुहोस्।

160 अब तपाईहरु जो प्रार्थना कार्ड बिना त्यहाँ बाहिर हुनुहुन्छ, तपाईले मेरो लागि केहि गर्नुहोस् भनि म चाहन्छु, तपाई जहाँकहिँ पनि हुनुहुन्छ।

अब याद गर्नुहोस्, यी कुराहरु, हेर्नुहोस् जब यसले तपाईलाई तपाई निको हुनुभएको छ भनि भन्दछ, वा तपाईलाई के गर्नको लागि भन्दछ। यसले के भन्छ हेर्नुहोस्। यदि यसले केवल तपाईलाई भन्छ, तपाईको विश्वासलाई बनाउनको लागि। र जब तपाईको विश्वास एउटा स्थानमा आउँछ, तपाई केवल जानुहोस् र परमेश्वरलाई स्वीकार गर्नुहोस्। यो म होइन, किनभने स्वर्गीय पिताले जान्नुहुन्छ।

161 म तल यहाँ यो पंक्तिमा हेर्छु, मैले चिन्ने एउटा पनि व्यक्तिमा देख्दिन। पूरा दर्शकमा दुई वा तीन जना व्यक्तिहरु बाहेक म देख्न सक्दिन, जसलाई म चिन्दछु। र मलाई थाहा छैन, अहिलेलाई, म भन्नसक्छु, एउटा देखाउन सक्छु। मलाई थाहा छ कि यहाँ केहि मिनेट अगाडि एडमण्ड वे हुनुहुन्थ्यो। मलाई लाग्छ मैले उहाँलाई देखेको छु, र म—मैले छुट्टाए...

162 यदि म गलत छैन भने, मैले चिन्ने कसैलाई देख्छु, माथि ओहाईयोबाट, एउटा पुरुष र उहाँको पत्नी, र फ्रिटजिंगर नाम गरेकि एउटी सानी केटि। के त्यो, तपाई भाई...*त्यो* भाई फ्रिटजिंगर होइन? तपाई एक किसिमको एउटा सानो घुम्तीमा बसिरहनु भएको छ जहाँ...त्यो भाई र बहिनी फ्रिटजिंगर हुनहुन्छ, ओहाईयोबाट, मेरो मित्रहरु।

163 र त्योभन्दा बाहिर, त्यहाँ पछाडि बसिरहनुभएको, एउटा...छेउमा यहाँ म देख्छु, विलियम डाउच नाम गरेको, एकजना बयानब्बे वर्षीय वृद्धा जाँदै हुनुहुन्छ। उहाँ र उहाँकि पत्नी। उनी एक परिचारिका हुन्। विलियम डाउच, ओहाईयोमा, मेरो एकदम धेरै व्यक्तिगत साथी। धेरै समय भएको छैन, उहाँको, एकानब्बे वर्षको उमेरमा, पूर्ण हृदयघात भएको थियो, हृदयघात, अनि उहाँकि पत्नीले मलाई कल गर्नुभयो, तुरुन्तै आउनको लागि, उहाँ त्यसबेला मर्दै हुनुहुन्थ्यो। र...

164 र उहाँ मेरो लागि यति एउटा पुरानो साथी हुनुहुन्छ। उहाँलाई हेर्न जानेक्रममा मेरो बाटोमा, म चिन्तित थिए। र म रोकिए, र मेरो पांग्रा मध्ये एउटा रेखाबाट बाहिर गयो, केवल मेरो टायरलाई टुक्रा टुक्रामा काटिरहेको थियो, र म टेक्साको स्टेसनमा गएँ, केहि ग्यास हाले, र तिनीहरु बाहिर निस्किए, यसलाई हेरे। र मैले माथि हेरे, र भाई डाउच मेरो मण्डली हुँदै आउदै गरेको देखेँ, मेरो हात मिलाउदै। मैले भने, "प्रभुको प्रशंसा होस्।" र मैले पछाडि यो बाटोतर्फ हेरे, र यहाँ उहाँ तल बाटोमा आउनुहुन्छ, र मेरो हात मिलाउनुभयो। म उहाँकहाँ गए।

165 मैले उहाँको चिकित्सकलाई हेरे, एउटा जवान यहूदी, वा वयस्क–उमेरको मानिस, यहूदी मानिस। र मैले भने, “उहाँको बारेमा के छ, डाक्टर?”

166 भन्नुभयो, “उहाँसंग त एउटा लड्ने मौका समेत छैन।” भन्नुभयो, “उहाँ अक्सिजनको पाल मुनि हुनुहुन्छ।” भन्नुभयो, “उहाँ ठिक त्यहि मर्नुहुनेछ।” उहाँले भन्नुभयो, “याद गर्नुहोस्, उहाँ एकानब्बे वर्षको हुनुहुन्छ।”

मैले भने, “हो, श्रीमान।”

167 भन्नुभयो, “यो एउटा पूर्ण हृदयघात हो। केहि पनि गर्न सकिदैन।” भन्नुभयो, “यो जाने समय हो।”

168 र मैले भने, “हो, श्रीमान। तर, होइन, उहाँ जानेवाला छैन। त्यो नै हो।”

169 म भित्र गएँ, पालमुनि मेरो हात राखे। मैले भने, “भाई डाउच, के तपाईले मलाई सुन्न सक्नुहुन्छ?” उहाँले मलाई माथि हेर्नुभयो। अब साचै, उहाँको नाउँमा, उहाँ एक जर्मन हुनुहुन्छ, डी–ए–यु–जी–एच, र मैले केवल यसलाई डाउच उच्चारण गर्छु, बुझ्नुभयो। र म––मैले मेरो हात पालको मुनि राखे, र मैले भने, “तपाईले मलाई सुन्नुहुन्छ, भाई डाउच?”

उहाँले भन्नुभयो, “हजुर।”

मैले भने, “तपाई जाँदै हुनुहुन्न। मैले तपाई नजाने देखेको छु।”

170 त्यसको एक हप्ता पछि, मेरो मण्डलीमा उभिदै, मण्डलीबाट हुँदै हिडेर को आउनुहुन्छ भाई डाउच! मैले सभालाई छोडे अनि नदीको किनारमा गएँ, एउटा क्याफिटेरीयामा, खानको लागि। र जब म कारबाट बाहिर निस्किए, र बाटोतिर हिडिरहेको थिए, यहाँ भाई डाउच उहाँको हात फैलाउदै आउनुहुन्छ। ती दर्शनहरु असल हुदैनन्।

171 र त्यो एकानब्बे वर्षको मानिस, र सबै सभाहरु पछ्याउनुहुन्छ, जुन क्यालिफोर्नियामा थियो। के तपाई बस आफ्नो हात उठाउनुहुन्छ, भाई डाउच? त्यहाँ बसिरहनुभएको छ, ताकी मानिसहरुले देख्नेछन् कि सच्चा सिपाही अहिले के हो भनि। यहाँ, ठिक यहाँ बस्दै हुनुहुन्छ, एकानब्बे वर्षको, र हरेक सभाहरु पछ्याउनुहुन्छ। जब म मण्डलीमा हुन्छु, उहाँ सयौ मिल हरेक दिन गाडि कुदाएर आउनुहुन्छ, मैले प्रचार गरेको सानो प्रवचन सुन्नको

लागि, अनि फर्केर जानुहुन्छ। परमेश्वर, “यो साँझको बेलामा उज्यालो हुनेछ।”

172 मैले भने, अर्को दिन म उहाँसंगै बोलिरहेको थिएँ, मैले भने, “म तपाईको लागि के गर्नसक्छु, भाई डाउच?”

173 “केवल एउटा अनुरोध, भाई ब्रन्हाम। जब उहाँ आउनुहुन्छ, म उहाँसंग जान चाहन्छु।”

174 भने, “चिन्ता नगर्नुहोस्। त्यो सुरक्षित छ। निश्चय पनि।” अब, मानिस भित्र आउनुभयो, बप्तिष्मा भयो, ओ, भित्र आउनुभयो र पवित्र आत्माको बप्तिष्मा र सबै कुरा प्राप्त गर्नुभयो, बस ख्रीष्टको एउटा अद्भूत सेवक।

175 अब म सबैजनालाई सोध्न गईरहेको छु, साच्चै आदरणीय, तपाई यो तर्फ हेर्नुहोस् र प्रार्थना गर्नुहोस्।

176 अब यहाँ कतिजना शिक्षकहरुलाई थाहा छ कि उहाँ प्रधान पूजाहारी हुनुहुन्छ, ठिक अहिले, जसलाई हाम्रा कमजोरीको भावनाद्वारा छुन सकिन्छ? ठिक छ, यदि उहाँ हिजो, आज, र सधैंभरि, उहि प्रधान पूजाहारी हुनुहुन्छ, उहाँले उस्तै नै व्यवहार गर्नुहुनेछ। केवल, उहाँ, उहाँको शरीर... परमेश्वरको सिंहासनमा छ। कतिजनालाई त्यो थाहा छ? [“आमेन।”] येशूको शरीर परमेश्वरको सिंहासनमा छ। तर उहाँले आफैलाई प्रकट गर्नको लागि हाम्रो शरीर प्रयोग गर्नुहुन्छ, जस्तो उहाँले गर्छु भनि प्रतिज्ञा गर्नुभएको थियो। “मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ।”

म तपाईलाई स्थिर रहन, आदरपूर्वक, ध्यान दिन, प्रार्थनाको लागि भन्न गईरहेको छु।

177 अब, स्वर्गीय पिता, मैले यसको बारेमा, जानेसम्म म आदरपूर्वक रहने कोशिष गरको छु। अब तपाईबाट केवल एउटा शब्द मात्रै, प्रभु, र त्यसपछि स्थिर, सानो आवाज तल यस श्रोताहरुद्वारा भएर आई भनेको होस्, “यो म हुँ; नडराऊ।” यो प्रदान गर्नुहोस्, पिता। र म आफैलाई तपाईमा सुम्पदछु, त्यो संदेश संगै जुन आजराति प्रचार गरिएको छ, तपाईको वचन पुष्टि गर्नको लागि। तपाईले यो गर्नुपर्दैन। तर यदि तपाईले यो गर्नुहुन्छ भने, वा तपाईले यो गर्नुहुन्छ, किनभने तपाईले यो प्रतिज्ञा गर्नुभएको छ। तपाईले यो दिनुहुनेछ भनि म प्रार्थना गर्दछु, येशूको नाममा। आमेन।

178 र सबैजना वास्तवमै आदरपूर्ण, र वास्तवमै श्रद्धालु छन्। तपाईले यो कसरी गर्नुहुन्छ? अब म तपाईलाई हामी अगाडि बढ्दै गर्दा धर्मशास्त्र दिनेछु।

यदि प्रभुले गर्नुहुन्छ भने, मलाई थाहा छैन। तर ब–...म त्यसरी प्रचार गरिरहेको छु, हेर्नुहोस्, त्यो एक खालको अभिषेक हो। यो अर्को खालको अभिषेक हो। त्यो बस आशिष हो। यो, बस एउटा कुरा, बस तपाईबाट ठिक जीवन लिदछ।

179 अब महिला यहाँ उभिनुहुन्छ। मैले उहाँलाई मेरो जीवनमा कहिल्यै देखेको छैन। के हामी अपरिचितहरु हौँ? मलाई लाग्छ, केहि समय अगाडि भन्नुभएको थियो कि, मैले तपाईलाई चिन्दिन। परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। उहाँले मलाई चिन्नुहुन्छ। के तपाईलाई त्यो थाहा छ कि हामी यहाँ केहि लागि अहिले उभिरहेका छौ, हामीले यसको लागि इन्साफको दिनमा जवान दिन जानेछौ? [बहिनीले भन्नुहुन्छ, “आमेन।”—सम्पा।] तपाई त्यसबाट सचेत हुनुहुन्छ? तपाईलाई थाहा छ हामीले अहिले के गर्छौ, परमेश्वरले हामीलाई थाहा माथि यसको लागि जवाफ दिने बनाउनुहुनेछ? मैले केवल त्यो एउटा उदेश्यको निम्ति भनेको हो। अब, यदि प्रभु येशूले मलाई तपाईले के गर्दैहुनुहुन्छ भनि प्रकट गर्नुहुन्छ भने, तपाईको दिमागमा के छ, वा त्यस्तै केहि, के तपाई यो विश्वास गर्नुहुनेछ? तपाईले त्यो विश्वास गर्नुपर्ने हुन्छ, होइन र? [“आमेन।”]

180 के तपाई यसलाई त्यहाँ विश्वास गर्नुहुन्छ, तपाई दर्शकहरु?

181 अब ठिक त्यस्तै नै गरी उभिन्छौ जस्तो इनारमा स्त्री थिईन्, र हाम्रो प्रभु, एउटा पुरुष र एउटा महिला तिनीहरु पहिलो पटक भेट्दै थिए। बुझ्नुभयो? यहाँ हामी छौ, भेट्दै...त्यो सन्त यूहन्ना ४ अध्याय थियो। अब यदि पवित्र आत्माले भन्नेछ...यदि तपाई यहाँ अरु कसैको लागि आउनुभएको छ, यदि तपाई बिमार हुनुहुन्छ, यदि यो घरेलु समस्या हो, यदि यो आर्थिक समयहरु हो, जे केहि पनि हो, मलाई केहि थाहा छैन। तर उहाँलाई थाहा छ। तर उहाँले तपाईको हृदयमा भएको विचारहरु जान्न सक्नुहुन्छ। उहाँ वचन हुनुहुन्छ। म सक्दिन। म एउटा मानिस हुँ। तपाई बस थोरै आत्तिनुभएको छ, र त्यहि नै कारणले म यो गर्दैछु, तपाई देख्नुहुन्छ।

182 त्यो तपाईको समस्याहरु मध्ये एक हो, आत्तिने। त्यो सहि हो। र तपाईलाई मधुमेह पनि छ, त्यो अर्को कुरा हो जुन तपाईमा गलत छ। त्यो सहि हो। जटिलताहरु, केवल धेरै कुराहरु गलत छन्। के त्यो सहि हो? यदि त्यो सहि हो भने, आफ्नो हात उठाउनुहोस्। हेर्नुहोस्? के तपाई उहाँले तपाईलाई निको पार्नुहुन्छ भनि विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ,

"म गर्छु।"—सम्पा।] तपाई गर्नुहुन्छ? अब, तपाईको आत्तिने अवस्था तपाईको उमेरको कारणले हो, बुझ्नुभयो, तर अब त्यो सबैले छोड्नेछ। र म विश्वास गर्छु कि विश्वासद्वारा हामी कलवरीमा जान्छौ, रगत आधान गर्नेछौ।

183 अब, त्यो ठिक उहि हो जुन उहाँले गर्नुभएको थियो। उहाँले इनारमा भएकी स्त्रीलाई उनको समस्या के हो भनिदिनुभयो। उनका धेरै पतिहरु थिए। तपाईको के थियो...मलाई लाग्छ त्यो आत्तिने हो, र दुई वा तिनवटा अझै बढि तपाईमा गलत छ। त्यो सहि हो, होइन र? त्यो एउटै कुरा हो।

184 अब, जब उहाँ सिमोनकहाँ आउनुभयो, उहाँले उनलाई उनी को हुन् भनि बताउनुभयो। परमेश्वरले मलाई तपाईको नाम भन्न सक्नुहुन्छ भनि के तपाई विश्वास गर्नुहुन्छ? के यसले तपाईलाई अझै धेरै विश्वास गर्ने बनाउछ? यसले बनाउनेछ? श्रीमती. स्ट्रंग...[बहिनीले भन्यो, "स्टाउट।"—सम्पा।] स्टाउट, के तपाई विश्वास गर्नुहुन्छ? जानुहोस् र विश्वास गर्नुहोस्, र तपाई...यो सबै सकिएको छ। आमेन।

185 आउनुहोस्, तपाई विश्वास गर्नुहुन्छ? म पनि तपाईको लागि एउटा अन्जान हुँ। म तपाईलाई चिन्दिन। परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। के उहाँले मलाई तपाईको समस्या के छ त्यो भनिदिनुहुन्छ भनि विश्वास गर्नुहुन्छ? र यदि उहाँले गर्नुहुन्छ भने, त्यसो हो भने परमप्रभु परमेश्वर धन्यको हुनुहुन्छ। के यो सत्य हो? [बहिनीले भन्नुहुन्छ, "हो, यो सत्य हो।"—सम्पा।] अब चिन्ता—चिन्ता लिनुपर्दैन, हेर्नुहोस्, त्यो—त्यो उहाँ हुनुहुन्छ, तपाईले त्यो महसूस गर्नुभयो। ठिक छ। तपाई स्नायु अवस्थाबाट, मानसिक स्नायुबाट पिडित हुनुहुन्छ, र सजिलै टुट्नुहुन्छ। र तपाई मूत्राशयको समस्या, कलेजोमा केहि समस्या छ, र एनिमियाबाट पिडित हुनुहुन्छ। त्यो सहि हो। तपाईसंग केहि छ...

186 यो यहाँ एउटा पुरुष देखा परिरहन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पार्न सक्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "हो, म गर्छु।"—सम्पा।] तपाईको सिमान्लाई पनि, चंगाई पर्नुहुन्छ, निको पार्नुहुन्छ? तपाईलाई लाग्छ कि पेटको समस्याले छोड्नेछ, र उहाँ पूर्ण ठिक हुनुहुनेछ? त्यसैबाट उहाँ पिडित हुनुहुन्छ। जानुहोस् र उहाँमा आफ्नो हात राख्नुहोस, उहाँलाई त्यसो भन्नुहोस्, र यसले—यसले उहाँलाई छोड्नेछ।

187 म तपाईको लागि एउटा अपरिचित मान्छे हुँ। प्रभु येशूले हामी दुवैलाई

चिन्नुहुन्छ, होइन र? के परमेश्वरले तपाईलाई निको पार्नसक्नुहुन्छ भनि विश्वास गर्नुहुन्छ? यदि प्रभु येशूले मलाई ती कुराहरु प्रकट गर्नुहुन्छ भने... जुन तपाईको...जुन तपाईको हृदयमा छ, के उहाँले तपाईलाई निको पार्नुहुनेछ भनि विश्वास गर्नुहुन्छ? तपाईलाई केहि समस्या भएको छ। तपाईलाई एउटा—एउटा—एउटा पित्त थैलीमा समस्या छ, एउटा कुराको लागि। र अर्को कुरा, यसले तपाईको थैलीलाई अल्सरको अवस्था बनाएको छ, तर त्यो नै तपाईको चिकित्सकले भन्नुभएको थियो। अब, अर्को कुरा चाहि, तिनीहरुले त्यसको लागि शल्यक्रिया गर्न चाहन्छन्। त्यो एकदम ठिक हो। के त्यो सत्य होइन? के तपाई विश्वास गर्नुहुन्छ कि उहाँले यसलाई पार गर्न सक्नुहुन्छ? तपाईलाई लाग्छ कि तपाईको विश्वास उहाँमा छ? अब तपाईलाई थाहा छ कि त्यो मैले गरिरहेको होइन। तपाई विश्वास गर्नुहुन्छ? ठिक छ। जानुहोस्, र जस्तो तपाईले विश्वास गर्नुभएको छ, त्यस्तै नै तपाईलाई भएको होस्।

188 हामीहरु एकअर्काका लागि अन्जानहरु हौँ, मलाई लाग्छ। परमप्रभु परमेश्वरले हामी दुवैलाई चिन्नुहुन्छ। के तपाई विश्वास गर्नुहुन्छ कि उहाँले मलाई ती कुराहरु प्रकट गर्नुहुनेछ जसले तपाईलाई मदत गर्नेछ? [बहिनीले भन्नुहुन्छ, "हो, मलाई यो थाहा छ।"—सम्पा।] तपाई, उहाँले गर्नुहुनेछ भनि तपाई विश्वास गर्नुहुन्छ। ["सकारात्मक।"] मा भन्दैछु... "सकारात्मक," त्यो एकदम राम्रो हो। त्यो एकदम राम्रो छ। अब तपाईसंग धेरै चिजहरु गलत छन्, कति धेरै जटिलताहरु र अन्यकुराहरु, र खोकी जस्तो, र तपाईले त्यसबाट आराम नै पाउन सक्नुहुन्न। र तपाई वास्तवमै आत्तिनुभएको छ। र—र त्यो, त्यो सहि हो।

189 तब, तपाईको हृदयमा एउटा बोझ छ, र त्यो बोझ कसैको निम्ति हो, जो तपाईको छोरा हो। उसलाई एउटा—एउटा समस्या छ, केहि घरेलु समस्याहरु। ऊ र उसको श्रीमती, तिनीहरु सधै झगडा गर्छन् र त्यस्तै जाँदै छन्...?...र तपाई यसमा बोझमा हुनुहुन्छ। त्यो सहि हो। अब तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ, र यो सबै सफा हुनेछ र जानेछ। तपाई अहिले विश्वास गर्नुहुन्छ। प्रभुले तपाईलाई आशिष दिनुभएको होस्।

190 तपाई कस्तो हुनुहुन्छ, श्रीमान? म तपाईको लागि एउटा अपरिचित हुँ, र—र तपाई मेरो लागि एक अन्जान हुनुहुन्छ। र यो—यो शुरू...अब दर्शनहरु, म देख्छु, यस्तो देखिन्छ कि पूराले भर्खरै उज्यालो पाउदैछ,

एक किसिमको चक्रवात जस्तो कुरा चारैतिर जाँदैछ। बुझ्नुभयो? तर के तपाई प्रभु येशूले तपाई त्यहाँ के कुराको लागि उभिदै हुनुहुन्छ त्यो मलाई बताईदिनुहुन्छ भनि विश्वास गर्नुहुन्छ? उहाँले गर्नुहुनेछ भनि तपाई विश्वास गर्नुहुन्छ? म पनि, त्यो विश्वास गर्छु। म तपाईसंग मात्रै बोल्दैछु, तपाईको आत्मालाई सम्पर्क गर्नको लागि, यसको लागि ठिक म यो गरिरहेको छु। हेर्नुहोस्, म तपाईलाई चिन्दिन, त्यसैले मेरो पछाडि यो केहि हुनुपर्छ जसले यो गर्दछ। मैले मबाट आफैलाई पूर्ण रूपमा टाढा राख्नुपर्दछ, ताकी उहाँ आफैले यो गर्नुहुन्छ। तपाईले बुझ्नुभयो?

191 अब, एउटा कुरा, तपाई एक भयानक स्नायु अवस्थाले ग्रसित हुनुहुन्छ, र यो स्नायु अवस्था केहि समयको लागि भएको छ। त्यो सहि हो। र स्नायु अवस्थाले तपाईलाई उच्च रक्तचाप हुने पनि, बनाएको छ। र तपाईलाई दौरा पनि भएको थियो। त्यो नै हो। भन्नुहोस्, तपाई या त एउटा प्रचारक हुनुहुन्थ्यो, वा तपाई एउटा प्रचारक हुनुहुन्छ। अब तपाई एउटा प्रचारक हुनुहुन्छ; मैले तपाईलाई पुल्पिटमा उभिएको देखेको छु। त्यसोभए, परमेश्वरमा विश्वास राख्नुहोस्, र त्यो आत्तिने अवस्थाले तपाईलाई छोड्नेछ। सबै सेवकहरुमा त्यो हुन्छ। तपाई ठिक हुनुहुनेछ। आफ्नो पुल्पिटमा फर्केर जानुहोस्, र परमेश्वरमा आज्ञाकारी हुनुहोस् र त्यो वचनमा, येशू ख्रीष्टमा सच्चा रहनुहोस्।

192 तपाई विश्वास गर्नुहुन्छ कि तपाईको ढाँडको समस्याले तपाईलाई छोडेको छ, कुर्सी मै बसिरहेर? के तपाई यो विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "हो।"—सम्पा।] ठिक छ, श्रीमान, त्यसोभए यसो भन्दै अगाडि, बढ्नुहोस्, "तपाईलाई धन्यवाद, प्रभु।"

193 आउनुहोस्, महिला। तपाई कस्तो हुनुहुन्छ? म उहाँको सेवक हुँ भनि तपाई विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "अवश्य गर्छु।"—सम्पा।] ठिक छ। के तपाई विश्वास गर्नुहुन्छ कि स्त्री समस्या, महिलाको समस्याले, तपाईलाई छोड्न जाँदैछ? ["अमन।"] तपाई गर्नुहुन्छ? त्यसोभए अघि बढ्नुहोस्, भन्नुहोस्, "तपाईलाई धन्यवाद, प्रभु।"

194 मृगौलाको समस्या, ढाँडको समस्या, तपाईको पछाडि। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई चंगाई गर्नुहुन्छ र तपाईलाई निको पार्नुहुनेछ, त्यसबाट? तपाई विश्वास गर्नुहुन्छ कि उहाँले तपाईले निको पार्नुहुनेछ? ठिक छ, तपाईको लिनुहोस्...?...

195 आउनुहोस्, महिला। म तपाईको लागि अन्जान हुँ। यदि मैले तपाईलाई, केहि पनि भनिन भने, के तपाई विश्वास गर्नुहुन्छ कि बिरामीहरुलाई चंगाई गर्नको निम्ति परमेश्वरको उपस्थिति यहाँ छ? [बहिनीले भन्नुहुन्छ, "अवश्य पनि, म यो विश्वास गर्छु।"—सम्पा।] तपाईले गर्नुहुन्छ? ठिक छ, यदि तपाई गर्नुहुन्छ भने, तपाईको पेटको समस्या... मैले तपाईलाई भएको थिए, तपाईले देख्नुहुन्छ। यो—यो गएको छ। मैले तपाईलाई भनेको थिएँ, देख्नुभयो।

196 तपाई कस्तो हुनुहुन्छ, श्रीमान? परमेश्वर हृदयमा बस्नुहुन्छ। र तपाईको हृदयले पछिल्लो पटक नराम्रो, देखाएको छ। के उहाँले यो सहि पार्नुहुन्छ भनि तपाई विश्वास गर्नुहुन्छ? आफ्नो बाटो जानुहोस् र यो विश्वास गर्नुहोस्। परमेश्वरले तपाईलाई आशिष दिएको होस्। तपाई विश्वास गर्नुहुन्छ; उहाँले यो ठिक गर्नुहुनेछ।

197 तपाई आत्तिनु भएको छ, किनकि तपाईमा पनि पेटको समस्या छ, एउटा पेप्टिक अल्सर छ। तपाईले खाएपछि एसले समस्या दिन्छ। तपाई विश्वास गर्नुहुन्छ कि अब यो सबै गएको छ? जानुहोस् र आफूलाई खानको लागि केहि लिनुहोस्।

198 उठ्नको लागि तपाईलाई एक खालको कठिनाई हुन्छ, ढाँडले तपाईलाई एकदम नराम्ररी समस्या दिएको छ। [बिरामीले भन्नुहुन्छ, "हो, श्रीमान।"—सम्पा।] यसले तपाईलाई अब समस्या दिनेछैन, यदि तपाईले यो विश्वास गर्नुहुन्छ भने। तपाई गर्नुहुनेछ? ["हो, श्रीमान।"] ठिक छ, जानुहोस्, प्रभु येशूले तपाईलाई पूर्ण रूपमा निको पार्नुभएको होस्।

199 तपाई केको लागि यत्ति अत्तालिनुभएको छ? केवल जानुहोस्, भन्नुहोस्, "म अब अत्तालिने छैन," र तपाई हुनुहुनेछैन। जानुहोस् र विश्वास गर्नुहोस्। ठिक छ, श्रीमान।

200 आउनुहोस्, महिला। अब, इथियोपियाली महिला, र सेतो मानिस, ठ्याक्कै केहि त्यस्तै जुम त्यो त्यो दिन भेटिएको जस्तै, येशू। तिनीहरुको दक्षिणमा भएको जस्तै खालको विभाजन, तर तिनीहरुमा अहिले छैन। सबै मानिसहरु परमेश्वरका मानिसहरु हुन् भनि येशूले तिनीहरुलाई थाहा दिनुभयो। त्यहाँ कुनै भिन्नता थिएन, हेर्नुहोस्, चाहे उनी यहूदी होस् या समरी।

201 अब, यदि परमेश्वरले तपाईलाई सहायता गर्नुहुन्न भने, चाडै नै त्यो

गठियाले तपाईलाई अपांग बनाउनेछ। तर के तपाई विश्वास गर्नुहुन्छ कि उहाँले तपाईलाई सहायता गर्नुहुनेछ, निको पार्नुहुनेछ? जस्तो महिलाले गरेकि थिएन्, आफ्नो बाटो जानुहोस् र तपाईका मानिसहरुलाई बताउनुहोस् कि परमेश्वरले तपाईको लागि के महान कार्य गर्नुभयो। ठिक छ।

अब, त्यहाँ एक सर्जन हुनुहुन्छ जो एउटा छुरा लगाउन तयार हुनुहुन्छ।

202 केवल एकै छिन्। यो यस महिला थिईनन्। अब एकै छिन्, सबैजना शान्त बसिनुहोस् अब। के—के शैतानले, केहि गर्न खोजेको छ। यहाँ यो छ। ट्युमर, ट्युमर, तपाईहरु दुवैजनालाई। त्यो सहि हो। तपाईलाई ट्युमर भएको छ, उनलाई ट्युमर भएको छ, र दुष्टले एकअर्कामा सहायताको लागि कराईरहेको छ। तर पवित्र आत्मा पनि, कराउदै हुनुहुन्छ। कसलाई तपाई विश्वास गर्नुहुन्छ, उहाँलाई? ठिक छ। त्यो खाटबाट उठेर आउनुहोस्, महिला। त्यो स्टेचरबाट उठेर बाहिर आउनुहोस्। त्यसबाट उठ्नुहोस्, र विश्वास गर्नुहोस्। जानुहोस्, अब उहाँलाई विश्वास गर्नुहोस्। आमेन।

203 के तपाई विश्वास गर्नुहुन्छ? सबैथोक सम्भव छ। के तपाई विश्वास गर्नुहुन्छ? तपाई दर्शकमाझमा के छ?

204 अहिले हामीहरु आफ्नो खुट्टामा उभिऔं। ठिक अहिले यो गर्ने समय हो। हरेक व्यक्ति…परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। अब हरेक व्यक्ति आफ्नो खुट्टामा उभिनुहोस्। परमेश्वरलाई प्रशंसा दिनुहोस्। तपाईको हातहरु उठाउनुहोस।

205 तपाईलाई धन्यवाद, प्रभु येशू! तपाईको महातना, र बिरामीहरुमा तपाईको चंगाईको निम्ति तपाईलाई हामी प्रशंसा गर्दछौ।

64-0307 समुन्द्रमा एक गवाहि
सोल्स हार्बर टेम्पल
डल्लास, टेक्सास यु.एस.ए

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।


थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:


VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org